Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- ७, २०८३ साल भदौ २३ गते मंगलबार (8 September, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि
स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

टिप्पणी

# जेन्जी आन्दोलनको एक वर्ष

।विनोद नेपाली



नेपालको राजनीतिकमा २०८२ सालको भदौ २३ र २४ अर्थात् सन् २०२५ को सेप्टेम्बर ८ र ९ लाई अब केवल दुई दिनको आन्दोलनका रूपमा सम्फेर पुग्दैन । ती दुई दिनले नेपालको राजनीतिको पुरानो संरचनामाथि गम्भीर प्रश्न मात्र उठाएनन्, त्यसको परिणामस्वरूप सरकार परिवर्तन भयो, प्रतिनिधिसभा विघटन भयो, अन्तरिम सरकार बन्यो, नयाँ निर्वाचन भयो र दशकौंदेखि प्रभावशाली रहेका परम्परागत राजनीतिक दललाई ठूलो धक्का दिँदै नयाँ राजनीतिक शक्तिले संघीय संसदमा अभूतपूर्व बहुमत हासिल गऱ्यो ।

जेन्जी आन्दोलन भएको एक वर्ष पुग्दै गर्दा नेपाल एउटा फरक राजनीतिक मोडमा उभिएको छ । आन्दोलनको सडकमा उठेको 'भ्रष्टाचारको अन्त्य', 'जवाफदेहिता', 'सुशासन', 'अवसर', 'राजनीतिक पुस्तान्तरण' र 'राज्यप्रति नागरिकको सम्मान'को प्रश्न थियो ती प्रश्नको जवाफ दिने जिम्मेवारी अहिले सत्तामा पुगेको नयाँ राजनीतिक नेतृत्वमाथि छ । एक वर्षको अनुभव हेर्दा यसको उत्तर न पूर्ण 'हो' भन्न सकिन्छ, न पूर्ण 'होइन' । केही महत्वपूर्ण राजनीतिक परिवर्तन भएका छन्, केही माग संस्थागत प्रक्रियामा प्रवेश गरेका छन्, पीडित र घाइतेका विषयमा निर्णय भएका छन् । तर भ्रष्टाचार नियन्त्रण, राज्य संयन्त्रको संरचनागत सुधार, आन्दोलनमा भएको हिंसाको पूर्ण जवाफदेहिता, राजनीतिक दलभित्रको लोकतान्त्रीकरण र युवाको अर्थपूर्ण सहभागिताजस्ता मूल प्रश्न अझै अधुरा रहेको देखिन्छन,

जेन्जी आन्दोलनको तत्कालीन कारण सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध थियो । सरकारले दर्ता नगरेका सामाजिक सञ्जाल तथा सञ्चार प्लेटफर्ममाथि प्रतिबन्ध लगाएपछि युवाहरू सडकमा उत्रिए थिए । तर केही घण्टामै आन्दोलनको विषय सामाजिक सञ्जालको पहुँचभन्दा निकै फराकिलो बन्न गयो युवाहरूले भ्रष्टाचार, राजनीतिक पहुँचका आधारमा

»बाकी ६ पृष्ठमा

# मानव बेचबिखनमुक्त समाजका लागि सबै तहको सहकार्य आवश्यक : प्रधानमन्त्री बालेन



काठमाडौं- प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले मानव बेचबिखन तथा ओसारपसारमुक्त समाज निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहसहित सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

मानव बेचबिखनविरुद्धको २० औं राष्ट्रिय दिवसका अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उनले मानव बेचबिखन मानव सभ्यताकै कलंकका रूपमा रहेको र संगठित अपराधका रूपमा विश्वभर फैलिरहेको उल्लेख गरेका छन् ।

'प्रविधिको सही प्रयोग र सजगता : मानव बेचबिखनरहित राष्ट्र निर्माणमा ऐक्यबद्धता' भन्ने नाराका साथ दिवस मनाइँदैछ । प्रधानमन्त्री शाहले प्रविधिको विकाससँगै मानव बेचबिखन तथा ओसारपसारको प्रवृत्ति, प्रकृति, स्वरूप र गन्तव्यमा समेत परिवर्तन आइरहेको बताएका छन् ।

उनले मानव बेचबिखन तथा ओसारपसारको रोकथाम र नियन्त्रणका लागि सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप नीतिगत तथा संस्थागत सुधार गर्दै आएको पनि उल्लेख गरेका छन् ।

त्यसका लागि तीनवटै तहका सरकार र सम्बन्धित सबै सरोकारवालाकोसमन्वयतथासहकार्यमा विभिन्न पहल

»बाकी ६ पृष्ठमा

# सुरुङ उद्धारदेखि जलवायु मुद्दासम्म गगनको सरकारलाई सुझाव



काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा ले हालैको विनाशकारी बाढीपछिको उद्धार, राहत तथा पुनर्स्थापनाका कामलाई प्राथमिकतामा राख्दै सरकारलाई सुरुङ तथा जलविद्युत् आयोजनाको सुरक्षामाथि गम्भीर पुनरावलोकन गर्न आग्रह गरेका छन् । उनले आन्तरिक राजनीतिक गतिविधिभन्दा माथि उठेर बाढीपीडितको उद्धार र राहतमा केन्द्रित हुनुपर्ने बताएका छन् ।

थापाले सुरुङभित्र फसेका मानिसको उद्धारका लागि नेपालको तयारी पर्याप्त नभएको उल्लेख गर्दै यस्ता विपद्का लागि आवश्यक प्रविधि, दक्ष जनशक्ति र पूर्वतयारीमा गम्भीर समीक्षा गर्नुपर्ने बताए । जलविद्युत् आयोजना तथा सुरुङ निर्माणका क्रममा सम्भावित प्राकृतिक विपद् र आकस्मिक अवस्थालाई ध्यानमा राखेर सुरक्षा प्रणाली बलियो बनाउनुपर्ने उनको भनाइ छ ।

बाढीपछि सुरुङमा फसेका मानिसको उद्धारमा देखिएको चुनौतीले नेपालको विपद् प्रतिकार्य क्षमता र प्राविधिक तयारीमाथि प्रश्न उठाएको थापाको धारणा छ । उनले आवश्यक परे अन्तर्राष्ट्रिय अनुभव र विशेषज्ञताको समेत उपयोग गर्दै उद्धार कार्यलाई

»बाकी ६ पृष्ठमा

## विदेशस्थित नियोगलाई सहायता रकम जम्मा गर्न छुट्टै खाता सञ्चालन गर्न निर्देशन

काठमाडौं- सरकारले विदेशस्थित नेपाली नियोगहरूलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग पुऱ्याउनेहरूका लागि छुट्टै बैंक खाता सञ्चालन गर्न निर्देशन दिएको छ । परराष्ट्र मन्त्रालयका अनुसार कोषमा प्रत्यक्ष सहयोग रकम पठाउन सम्भव नभएको वा तोकिएको कारोबार सीमाभन्दा बढी हुने अवस्थाले झन्झट हुने देखिएकाले अन्य खाताहरू प्रयोग गर्न भनिएको हो ।

'विद्यमान नियमअनुसार आफ्ना विविध खाताहरू प्रयोग गर्न वा नयाँ खाता खोल्न निर्देशन दिएको

»बाकी ६ पृष्ठमा

## अस्ट्रेलियाली संसद्मा नेपालको बाढीबारे प्रधानमन्त्रीको सम्बोधन



काठमाडौं- अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले नेपाल र चीनको तिब्बत सीमा क्षेत्रमा गएको विनाशकारी बाढीका कारण भएको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै विपद्को यस घडीमा नेपाल एक्लै नरहेको बताएका छन् ।

अस्ट्रेलियाली संसद्लाई सम्बोधन गर्दै उनले बाढीमा परी आफ्ना ३६ जना नागरिक अझै सम्पर्कविहीन रहेको पुष्टी गरेका छन् । गत अगस्ट २६ मा हिमपहिरो पछि आएको बाढीले सीमाको

»बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ७,
२०८३ साल भदौ २३ गते मंगलबार
8 SEPTEMBER 2026, TUESDAY

...मान्छ कसैल पनि कर्म लियर आएका हुँदैन । सिर्जना गरमात्र भाग्य, रुप सुन्दर हुन्छ । माहन कार्की

## सम्पादकीय

# प्रधानमन्त्रीको संयुक्त राष्ट्रसंघ भ्रमण उपलब्धिमूलक बनोस् ।

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह राष्ट्रसंघको महासभामा भाग लिन आउदो हप्ता अमेरिकमा जादैछन् । नेपालको प्रतिनिधित्व गर्दै अमेरिकाको न्युयोर्कमा हुने महासभामा नेपालले जलवायु परिवर्तनको लागि कुनै असर पुग्ने काम नगरेपनि हालसालै चिनको तिब्बत क्षेत्रमा आएको हिम पैरोका कारण नेपाल भएर बग्ने भोटेकोशीको बाढीले झण्डै दुई हजारको हाराहारीमा नेपाली नागरिकहरुको लास भेटिने अवस्थामा पुगिसकिएको छ । लगभग ४ हजार भन्दा बढी अझै हराईरहेका छन् । त्यसैले ज्यान गुमाउनेको संख्या एकिन छैन । तर बढ्ने सम्भावन धेरै छ । यिनै विषयमा विश्वका शक्तिशाली राष्ट्र भनेर चिनिदै आएका र बम, बारुद्ध, हतियार उत्पादन गरेर युद्ध गर्ने देशहरु ठुल ठुला बम पड्काउने देशहरु ठुला ठुला उद्योग कलकारखाना सञ्चालन गर्ने देशहरुले वातावरणमा प्रतिकुल असर पुऱ्याउने कार्य गरेको कारण हाम्रो नेपाल जस्ता प्राकृतिक रुपमा डाडा, काडा भएका देशमा बाढी, पैरो, हिमालमा तापक्रम बढेर विनासकारी प्राकृतिक बिपत्तहरु आउने गरेका छन् । यस्ता समस्या त्यस महासभामा विश्वका राष्ट्र प्रमुखहरु आउने फोरममा नेपालका प्रधानमन्त्रीले तर्क संगत ढंगवाट पेश गर्न र ति वातावरणमा असर पुऱ्याउने कार्य गर्ने राष्ट्रहरुले क्षतिपुर्ति ब्याहोर्न लगाउने गरी प्रस्ताव पेश गर्न हिच्किचाउनु हुदैन ।

नेपाल बाढीले थलिएको देश मात्र होइन इमानदार नागरिकहरुको देश प्रकृतिक, सांस्कृतिक, धार्मिक हरेक क्षेत्रमा त्यातिकै सम्भावना भएको देश हो । यहाको प्राकृतिक सुन्दरता, नेपाली मौलिकता, नेपाली समुदायको अन्य राष्ट्रवाट आउने पर्यटक पाहुनाहरुको लागि नेपालीहरुले गर्ने हार्दिकता अत्यन्तै संस्कारयुक्त रहेका छन् । त्यही सस्कार युक्त बसोबास गर्ने नेपालीहरुको देश नेपाल हो । यस देशको परिचय विश्वमा सही ढंगवाट प्रचारमा लैजान पनि यो महासभा एउटा अवसर पनि हो ।

नेपाल बीर गोखालीहरुको देश, नेपाल सगरमाथ सहित झण्डै विश्वका ८ ओटा अग्ला हिमाल नेपालमा भएको देश, खोला, नदी, धेरै भएको, जलसम्पदा धेरै भएको देश, गौतमबुद्ध जन्मेको देश, पवित्रस्थल लुम्बिनी भएको देश, प्रत्येक ३ सेकेन्डमा फरकमा फरक हावापानी पाइने देश यस्ता देशमा महत्वपूर्ण चीजहरु के छन् । ति चिजहरुलाई अन्तराष्ट्रियस्तरमा चिनाउनु पनि हाम्रो नेपालको लागि महत्वपूर्ण अवसर हो । त्यसैले नेपाल देशको प्रतिनिधित्व गरेर सहभागी हुन लागेका हाम्रो देश नेपालका प्रधानमन्त्रीले यस महासभामा उपलब्धिमूलक बनाएर खुशीको सन्देश लिएर आउन् ।

# सामाजिक दोहोरो मापदण्ड र अधिकारवादीहरूको मौनता



■ जयराम बिडारी

**हिजो सामान्य र प्रचारमुखी विषयमा पनि सञ्जाल ‘ ताताउने’ र अधिकारका भाषण छाट्ने मानिसहरू आज यस्तो वास्तविक पीडा, अमानवीय गालीगलौज र सार्वजनिक उत्पीडनका अगाडि कुन दुलोमा छिरे ? हिजो राज्यको प्रहरी प्रशासन धाउनेहरू आज सर्वसाधारण महिलामाथि भइरहेको निरन्तरको डिजिटल र मानसिक हिंसामाथि किन मौनव्रत धारण गरेर बसेका छन् ?**

समकालीन नेपाली समाज प्रविधि र सञ्चारको अभूतपूर्व विकाससँगै एउटा बिल्कुलै नयाँ र जटिल मोडमा उभिएको छ । सूचना प्रविधिको तीव्र विस्तारले नागरिकलाई विचार अभिव्यक्तिको ठूलो मञ्च त दिएको छ, तर त्यससँगै सामाजिक सञ्जाल केवल विचार विनिमय गर्ने थलो मात्र नरहेर धारणा निर्माण गर्ने, बहस सिर्जना गर्ने, सामाजिक मुद्दा तय गर्ने र राज्यलाई न्यायका लागि दबाब दिने शक्तिशाली डिजिटल चौतारीका रूपमा स्थापित भएको छ । सिद्धान्ततः सञ्चारमाध्यम र सञ्जालको यो पहुँचले पहुँचहीन नागरिकलाई आवाज दिनुपर्ने हो । सीमान्तकृतका मुद्दालाई राज्यको कानसम्म पुऱ्याउनुपर्ने हो र समाजमा न्यायको समान वितरण सुनिश्चित गर्न पहरेदारको भूमिका खेल्नुपर्ने हो ।

तर, विडम्बनाको कुरा के छ भने, यही डिजिटल चौतारी पछिल्लो समय दोहोरो चरित्र, चयनात्मक विरोध, भाइरल संस्कृति र बौद्धिक ढोंग प्रदर्शन गर्ने क्रिडास्थलमा परिणत भएको छ । हाम्रा सामाजिक अभियन्ता, महिला अधिकारवादी, सञ्चारकर्मी तथा सञ्जालका ‘सचेत’ वर्ग भनिने नागरिकले देखाउने चयनात्मक व्यवहार र दोहोरो मापदण्डले यतिबेला वास्तविक न्यायको लडाइँलाई दिशाहीन, कमजोर र अविश्वसनीय बनाइदिएको छ । निश्चित घटनामा अस्वाभाविक रूपमा आक्रामक प्रस्तुत हुने र आफ्ना राजनीतिक, सामाजिक वा व्यक्तिगत सुविधा अनुसारका विषयमा मात्रै आवाज उठाउने प्रवृत्तिले नेपाली समाजमा अधिकार क्षेत्रको मर्यादा र निष्पक्षतामाथि नै गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ ।

**दुई दृष्टान्त आक्रोशको आगो र मौनताको मरुभूमि**

नेपाली सञ्जाल र मिडिया वृत्तमा पछिल्लो समय घटेका दुई फरक प्रकृतिका घटनाक्रमलाई दाँजेर हेर्ने हो भने अधिकारवादीहरूको दोहोरो भूमिका र सहरी बौद्धिक वर्गको चरित्र छर्लङ्ग हुन्छ ।

पहिलो घटनालाई स्मरण गरौँ । केही समय अघि एक महिलाले बहालवाला सांसदसँगको आफ्नो व्यक्तिगत तथा अन्तरङ्ग तस्बिर स्वयम् आफ्नो सामाजिक सञ्जालको पानामा सार्वजनिक गरिन् । ती महिलाले आफैँ पोस्ट गरेको तस्बिर सार्वजनिक क्षेत्रको विषय बनिसकेपछि त्यसैलाई आधार बनाएर पत्रकार किशोर श्रेष्ठको ‘जन आस्था’ पत्रिका तथा अनलाइन सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरे । आफ्नै हातले सार्वजनिक गरिएका तस्बिरलाई मिडियाले समाचार बनाउँदा एकाएक सञ्जालभरि आक्रोशको ज्वारभाटा सिर्जना गरियो । ‘महिलाको चरित्र हत्या भयो’, ‘मर्यादा र गोपनीयताको उल्लङ्घन भयो’ भन्दै अधिकारवादीहरू, सञ्जालका प्रबुद्ध भनिने वर्ग र कतिपय अभियन्ताहरू साताभरि आन्दोलित बने । मिडिया र सम्पादकलाई खारेज गर्नेसम्मका अभिव्यक्ति दिइए भने अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको हक र महिला सम्मानका नाममा तिखा सिद्धान्त र तर्कहरूको वर्षा गराइयो ।

त्यस विरोध र आक्रोशको उत्कर्ष यतिसम्म पुग्यो कि राज्यको संयन्त्र प्रयोग गराएर पत्रिकाका सम्पादक किशोर श्रेष्ठलाई हिरासतसम्मको यात्रा गराइयो । आफ्नै इच्छाले राखिएको तस्बिर समाचार बन्दा उत्पन्न भएको त्यो ‘सार्वजनिक आक्रोश’ले नेपाली महिला अधिकार र आन्दोलनलाई निकै संवेदनशील अनि सचेत देखाएको थियो । तर,विडम्बनाको दोस्रो दृश्य त्यसको लगत्तै र निरन्तर रूपमा समाजमा दोहोरिरहेको छ । प्राकृतिक विपत्ति, बाढी र पहिरोबाट सर्वस्व गुमाएर पीडित बनेका, असहाय भएका वा घरायसी व्यावहारिक समस्या र विपत्तिमा परेर आफ्ना हराएका पतिका लागि सामाजिक सञ्जालमार्फत सहयोग र न्यायको सार्वजनिक आग्रह गर्ने सर्वसाधारण महिलाहरूतर्फ जब ध्यान मोडिन्छ, दृश्य बिल्कुलै फरक देखिन्छ । जब ती असहाय महिलाहरू (नागरिकहरु) आफ्ना पीडा सञ्जालमा पोख्छन्, तब तिनै महिलामाथि नै सामाजिक सञ्जालका प्रयोगकर्ताहरूबाट अत्यन्तै अमानवीय, अश्लील, अपमानजनक र चरित्र हत्या गर्ने खालका टिप्पणीहरूको बाढी आउँछ । विभेदपूर्ण शब्दहरूले तिनको हुर्मत लिइन्छ, तिनको आत्मसम्मानको धज्जी उडाइन्छ ।

तर, कहाँ छन् तिनै हिजो सम्पादकलाई हिरासत पुऱ्याउन शक्ति प्रदर्शन गर्ने क्रान्तिकारी अधिकारवादीहरू ? हिजो सामान्य र प्रचारमुखी विषयमा पनि सञ्जाल ‘ ताताउने’ र अधिकारका भाषण छाट्ने मानिसहरू आज यस्तो वास्तविक पीडा, अमानवीय गालीगलौज र सार्वजनिक उत्पीडनका अगाडि कुन दुलोमा छिरे ? हिजो राज्यको प्रहरी प्रशासन धाउनेहरू आज सर्वसाधारण महिलामाथि भइरहेको निरन्तरको डिजिटल र मानसिक हिंसामाथि किन मौनव्रत धारण गरेर बसेका छन् ? यो प्रश्न केवल एउटा सञ्जालको बहस मात्र होइन, सिंगो सामाजिक न्याय प्रणाली र अधिकारवादी आन्दोलनमाथिको तिखो र निर्मम व्यङ्ग्य हो ।

**सहानुभूतिको चयनात्मक ढाँचा र यसका आयामहरू**

यी दुई घटनाको तुलनात्मक अध्ययन गर्दा नेपाली अधिकारवादी र अभियन्ताहरूको नियतका पछाडि रहेका केही गम्भीर, विकृत र दूरगामी प्रभाव पार्ने पाटाहरू सतहमा आउँछन् । पहुँच र शक्ति केन्द्रको वर्गीय खाडल अधिकारवादीहरूको आवाज र सक्रियता केवल राजनीतिक, सामाजिक वा मिडियामा पहुँच भएका पात्रहरूका लागि मात्र सुरक्षित छ भन्ने कुरा यसले स्पष्ट पार्छ । शहरिया, सामाजिक सञ्जालमा ठूलो ‘फलोइङ’ भएका, भाइरल हुन सक्ने र शक्ति केन्द्रसँग जोडिएका पात्रहरूको मामिलामा अधिकारवादीहरू रातारात एकजुट हुन्छन्, प्रहरी कार्यालय धाउँछन् र राज्यलाई दबाब दिन्छन् । तर, दूरदराजका, गरिब, विपन्न, विपत्तिमा परेका र पहुँचहीन नागरिकमाथि दिनदिनै जस्तोसुकै अमानवीय अन्याय र अपमान हुँदा पनि उनीहरूको ध्यान जाँदैन । मानौं मौनब्रत सुरु हुन्छ । अधिकार र न्याय नागरिकको सामाजिक हैसियत र पहुँचका आधारमा तय हुने डरलाग्दो परिपाटी यहाँ फस्टाएको छ ।

भाइरल संस्कृति र ‘ट्रेन्डिङ’को पछाडि दौडिने होडः आधुनिक अधिकारवादको ठूलो हिस्सा केवल सञ्जालमा ‘ट्रेन्डिङ’ हुने र सञ्चारमाध्यमको ध्यान खिच्न सक्ने ‘पेजभ्युज’मुखी मुद्दामा मात्र केन्द्रित देखिन्छ । जहाँ लाइक्स, सेयर, कमेन्ट र क्यामेराको प्रकाश पाइन्छ, त्यहाँ अधिकारको ठूलो वकालत गर्ने र जहाँ वास्तविक रूपमा पीडितलाई सामाजिक संरक्षण, कानुनी सहायता र सहानुभूतिको खाँचो छ, त्यहाँ आँखा चिम्लिने प्रवृत्तिले अधिकारकर्मीहरूको निष्पक्षता र नियतमाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ ।

वैचारिक र राजनीतिक अनुकूलताको दोहोरो मापदण्डः अधिकारवादीहरूको प्रतिक्रिया घटनाको प्रकृति र गम्भीरताभन्दा पनि पीडक वा पीडित कुन राजनीतिक, सामाजिक वा वैचारिक कित्ताको हो भन्ने कुराले तय गर्ने गरेको छ ।

आफ्नो अनुकूलको वा आफ्नै गुट-उपगुटको मानिस संलग्न छ भने मौन बस्ने, ढाकछोप गर्ने वा ‘ गोपनीयता’को दुहाइ दिने र विपरीत कित्ताको छ भने तिललाई पहाड बनाएर सडक र सञ्जाल तताउने प्रवृत्तिले सामाजिक न्यायको मूल मर्मलाई नै मर्मतहत बनाएको छ ।

राज्य संयन्त्रको दुरुपयोग र असन्तुलित प्रतिशोधः कसैले आफैँ सार्वजनिक गरेको तस्बिर समाचार बनाउँदा पत्रकारलाई हिरासतमा पुऱ्याउनेसम्मको आक्रामकता देखाउन सक्ने शक्ति सञ्चालन गर्नेहरूले सर्वसाधारण असहाय महिलामाथि भइरहेको सामूहिक अमानवीय आक्रमणमा कानमा तेल हालेर बस्नुले के पुष्टि गर्छ भने– उनीहरूको लडाइँ ‘सिद्धान्त र न्याय’का लागि थिएन, बल्कि त्यो त केवल खास पात्रलाई कानुनी र सामाजिक रूपमा तह लगाउने वा प्रतिशोध लिने उद्देश्यबाट प्रेरित थियो ।

**अधिकारवादीहरूका विश्वसनीयतामाथि उत्पन्न संकट**

कुनै पनि सभ्य र लोकतान्त्रिक समाजमा अधिकारवादी, नागरिक समाज र सामाजिक अभियन्ताहरूको भूमिका समाजको पहरेदारको रूपमा हुनुपर्छ । उनीहरूले निष्पक्ष, तटस्थ, निर्भीक र विचार-निरपेक्ष भएर अन्यायको विरुद्धमा आवाज उठाउनुपर्छ । अन्याय अन्याय नै हो, चाहे त्यो पहुँचवालामाथि होस् या असहाय विपन्नमाथि । तर, जब अधिकारको लडाइँ चयनात्मक, वर्गकेन्द्रित र भाइरलमुखी बन्छ, तब त्यसले आम नागरिकको भरोसा पूर्ण रूपमा गुमाउँछ ।

बाढी पीडित वा श्रीमान् हराएर छटपटिएका असहाय महिलामाथि भएको अमानवीय गालीगलौज र सार्वजनिक अपमानमा चुपचाप बस्ने तर पहुँचवालाको विषयमा साताभरि सञ्जालमा रोइलो गर्ने र सम्पादक थुनाउनेसम्मको खेल खेल्ने प्रवृत्तिले अधिकारका क्षेत्रमा कार्यरत संस्था र व्यक्तिहरूको निष्पक्षतामाथि गम्भीर संशय पैदा गरिदिएको छ । के विपन्न, अशिक्षित र पहुँचहीन हुनु नै अन्याय र अपमान सहनुको पूर्वसर्त हो ? के अधिकार र मर्यादा कुनै खास वर्ग, शहरिया एलिट वा राजनीतिक पहुँचवालाका लागि मात्र आरक्षित गराइएको सुविधानजनक शब्द हो ? यी प्रश्नहरूको गम्भीर र समीक्षात्मक उत्तर नखोजी हामीले दाबी गर्ने आधुनिक, समतामूलक र न्यायपूर्ण समाजको निर्माण सम्भव छैन ।

**निष्कर्ष :**

अधिकार, मर्यादा, गोपनीयता र न्याय कुनै निश्चित वर्ग वा पहुँचवालाको एकाधिकारको विषय हुन सक्दैन । यो त राज्यका हरेक नागरिकका लागि समान, सर्वसुलभ र निष्पक्ष हुनुपर्छ । मिडिया अटेन्सन, भाइरल हुने होड र राजनीतिक अनुकूलताका आधारमा गरिने अधिकारको वकालतले समाजलाई समृद्ध र समतामूलक बनाउन सक्दैन, बरु यसले समाजमा थप विभेद, अविश्वास, असन्तोष र अराजकता मात्र बढाउँछ ।

आज नेपाली सामाजिक सञ्जालका प्रयोगकर्ता, नागरिक समाज र स्वयं अधिकारवादीहरूले आफ्नो यस दोहोरो चरित्र, सुविधाभोगी मानसिकता र चयनात्मक मौनताबारे गम्भीर आत्मसमीक्षा गर्नुपर्ने बेला आएको छ । भाइरल विषयको पछि कुद्ने, पहुँचवालाको सेवा गर्ने र वास्तविक पीडितको रोदनमा मौन बस्ने यो मौसमी र अवसरवादी अधिकारवादलाई समाजले चिन्न र निरुत्साहित गर्न जरुरी छ । अन्यथा, यस्तै सुविधा अनुसारको ‘ मौनता’ र अनुकूलता अनुसारको ‘ आक्रोश’ले अधिकारवादीहरूलाई न्यायको पहरेदार होइन, केवल अवसरवादी र बौद्धिक ढोंगी पात्रका रूपमा इतिहासमा स्थापित गर्नेछ ।

न्यायको लडाइँ बिनाकुनै भेदभाव–सबैका लागि, सधैँका लागि र समान रूपमा लड्नु आवश्यक छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP





# कर्णालीका मनसिंङ परियारको सांगीतिक यात्रा

**काठमाडौं– जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा जनआकाश मिडियाका संवददाता विनोद कार्कीले गायक मंसिन परियारसँग गरेको कुराकनी यस अंङकमा यसरी प्रस्तुत गरिएको छ ।**

## मंसिन परियार

**स्वागत छ हाम्रो जनआकाश मिडियाको संगीत खबरमा**

सबैभन्दा पहिले मलाई आफ्नो कुरा राख्ने अवसर दिनुभएकोमा जनआकाश मिडियालाई धन्यवाद दिन चाहन्छु ।

**पछिल्लो समय कर्णालीको अवस्था कस्तो छ, अहिले काठमाडौंमा के गर्दै हुनुहुन्छ ?**

कर्णाली प्रदेशको अवस्था समग्रमा हेर्दा ठिकै छ । कर्णालीमा धेरै सम्भावना छन्, तर अवसरको कमी भने अझै पनि देखिन्छ । विशेषगरी कला, संगीत र मनोरञ्जनको क्षेत्रमा प्रतिभावान् मानिसहरू धेरै भए पनि सबैले आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर पाउन सकेका छैनन् ।

अहिले म केही सांगीतिक कामका लागि काठमाडौं आएको हुँ । विशेषगरी गीत रेकर्डिङ तथा नयाँ सिर्जनाका लागि काठमाडौंमा केही समय बसेर काम गरिरहेको छु ।

केही नयाँ काम गर्ने सोच थियो र त्यसका लागि केही तयारी पनि भइरहेको छ । सोचेका सबै कामहरू पूरा भइसकेका छैनन् । केही काम अझै अधुरै छन् ।

काठमाडौं आएपछि विभिन्न व्यक्तिसँग भेटघाट गर्ने, संगीतसँग सम्बन्धित व्यक्तिहरूसँग सहकार्य गर्ने र नयाँ गीतका लागि तयारी गर्ने अवसर पनि मिलेको छ । अब केही दिनपछि आफ्नै जन्मभूमि कर्णाली फर्किने तयारीमा छु । काठमाडौंमा रहेर जति सिक्न र बुझ्न पाइयो, त्यसलाई आफ्नो सांगीतिक यात्रामा उपयोग गर्ने सोचमा छु ।

**तपाइको आवाज सुनेर स्कुल, कलेज पढ्दा साथिभाइले कस्तो प्रतिक्रिया दिनुहुन्थ्यो ?**

हो, म सानैदेखि गीत गाउँथें । स्कुलमा हुने कार्यक्रम होस् वा साथीभाइबीचको जमघट, गीत गाउने अवसर पाउँदा म पछि हट्दिनथें । तर आफूभित्र यस्तो प्रतिभा रहेछ भन्ने कुरा मलाई त्यतिबेला त्यति गहिरो रूपमा थाहा थिएन ।

साथीभाइ तथा आफन्तहरूले भने मेरो आवाज राम्रो छ भनेर प्रशंसा गर्नुहुन्थ्यो । कतिपयले त ' तिमी भविष्यमा गायक बन्छौ' भनेर पनि भन्नुहुन्थ्यो । उहाँहरूले त्यसरी भन्दा रमाइलो लाग्थ्यो, तर मैले चाहिँ भविष्यमा गायक नै बन्छु भनेर कहिल्यै सोचेको थिइनँ ।

जीवनमा कहिलेकाहीं आफूले नसोचेका कुरा पनि भइरहेका हुन्छन् । मेरो जीवनमा पनि त्यस्तै भयो । गीत-संगीतमा लाग्ने कुनै ठूलो योजना थिएन, तर बिस्तारै यही क्षेत्रप्रति आकर्षित हुँदै गएँ । अहिले संगीतलाई आफ्नो जीवनको महत्वपूर्ण पाटोका रूपमा अघि बढाइरहेको छु ।

**तपाईको आवाज र प्रस्तुतिको चर्चा पछिल्लो समय बढिरहेको छ । यसले तपाईलाई कस्तो महसुस हुन्छ ?**

आफूले गाएको गीत मानिसहरूले मन पराइदिनु भनेको कलाकारका लागि निकै ठूलो कुरा हो । जब कसैले 'तपाईंको आवाज राम्रो लाग्यो', 'गीत राम्रो गाउनुभयो' भनेर प्रतिक्रिया दिनुहुन्छ, त्यसले अझ राम्रो गर्नुपर्छ भन्ने ऊर्जा मिल्छ ।

म अहिले सिक्ने क्रममा छु । आफूलाई पूर्ण कलाकार ठान्दिनँ । हरेक दिन केही नयाँ कुरा सिक्नुपर्छ भन्ने सोच छ । दर्शक र श्रोताले दिएको माया र प्रतिक्रियाले मलाई अगाडि बढ्न प्रेरणा दिइरहेको छ ।

**कुनै रियालिटी शोमा जाने सोच बनाउनुभएको छ ?**

रियालिटी शोमा जाने रहर त छ । अहिलेसम्म कुनै रियालिटी शोमा सहभागी भएको छैन । तर राम्रोसँग तयारी गरेर, आफूलाई अझ निखारेर मात्र त्यस्ता प्लेटफर्ममा जाने सोचमा छु । रियालिटी शो भनेको ठूलो अवसर पनि हो र त्यहाँ आफ्नो प्रतिभा प्रमाणित गर्नुपर्ने चुनौती पनि हुन्छ । त्यसैले हतारमा भन्दा पनि आफूलाई मानसिक र सांगीतिक रूपमा तयार बनाएर जाने इच्छा छ ।

**गीत-संगीतमा लाग्न घरपरिवारबाट कस्तो साथ र सहयोग पाउनुभएको छ ?**

घरपरिवारबाट मैले एकदमै राम्रो साथ र सहयोग पाएको छु । उहाँहरूले मलाई निरन्तर हौसला दिनुहुन्छ । ' तिमीले राम्रो गर्नुपर्छ, अगाडि बढ्नुपर्छ' भनेर तर गीत-संगीतको क्षेत्रमा लाग्न पारिवारिक साथ र समर्थन मात्र पर्याप्त नहुने रहेछ । आर्थिक पक्ष पनि निकै महत्वपूर्ण हुँदो रहेछ । गीत रेकर्डिङदेखि लिएर म्युजिक भिडियो, स्टुडियो, यात्रा, कार्यक्रम तथा अन्य सांगीतिक गतिविधिमा खर्च लाग्छ ।

आर्थिक अवस्था बलियो नभएका कलाकारका लागि यो पक्ष चुनौतीपूर्ण हुन्छ । प्रतिभा भएर मात्र हुँदैन, त्यसलाई बाहिर ल्याउन पनि लगानी र अवसर चाहिन्छ । त्यसैले आर्थिक चुनौतीका बाबजुद आफ्नो मेहनत र इच्छाशक्तिलाई बलियो बनाएर अगाडि बढ्ने प्रयास गरिरहेको छु ।

**तपाई दलित परिवारमा हुर्किनुभयो, जातकै कारण कुनै दुःख वा विभेद भोग्नुपरेको छ ?**

जातभातको कुरा गर्दा म आफ्नो जातलाई लिएर कहिल्यै दुख मान्दिन् यो मेरो पहिचान हो र म आफ्नो जातप्रति गर्व गर्छु । मानिसको मूल्य उसको जातले होइन, उसको व्यवहार, क्षमता, विचार र कर्मले निर्धारण गर्नुपर्छ भन्ने मेरो मान्यता हो । तर समाजमा अझै पनि जातका आधारमा मानिसलाई हेर्ने प्रवृत्ति पूर्ण रूपमा अन्त्य भइसकेको छैन । कतिपय मानिसहरूले सम्मान नगर्ने नियतले घोचेर बोल्दा भने मन दुख्छ ।

कसैले सम्मानपूर्वक व्यवहार गर्छ भने निकै राम्रो लाग्छ । तर 'तल्लो जातको' भनेर होच्याउने उद्देश्यले बोल्दा वा व्यवहार गर्दा चाहिँ स्वाभाविक रूपमा दुःख लाग्छ । कलाकारका रूपमा मैले पनि मानिसको माया र सम्मान खोजेको हुन्छु ।

**पूर्वी नेपालभन्दा पश्चिम नेपालमा जातीय विभेद बढी छ भन्ने सुनिन्छ तपाईले यसलाई कसरी लिनुहुन्छ ?**

मेरो व्यक्तिगत अनुभवका आधारमा भन्नुपर्दा पूर्वको तुलनामा पश्चिमतिर जातीय विभेदका घटना बढी देखिन्छन् । म सांगीतिक प्रस्तुतिका क्रममा कर्णालीका करिब पाँचवटा जिल्ला पुगिसकेको छु । त्यहाँ विभिन्न ठाउँका मानिससँग भेट्ने र कार्यक्रममा सहभागी हुने अवसर पाएको छु । कतिपय ठाउँमा जातकै कारण फरक व्यवहार भएको अनुभव पनि गरेको छु । उदाहरणका लागि, कुनै कार्यक्रममा सम्मान गर्ने क्रममा सबैलाई समान रूपमा व्यवहार गरिए पनि मलाई भने फरक तरिकाले व्यवहार गरिएको अनुभव छ ।

कतिपय कार्यक्रममा सम्मान गर्ने क्रममा हातमा अक्षता दिइयो । अरू व्यक्तिलाई अक्षता टाउकोमा लगाइदिने गरिन्छ, तर मलाई भने हातमै राखिदिएको अनुभव छ । उहाँहरूले सम्मान गर्न खोज्नुभएको हुन सक्छ, तर त्यस्तो व्यवहारले मनमा नराम्रो अनुभूति हुँदो रहेछ ।

**आफ्नो जातकै कारण सांगीतिक क्षेत्रमा अगाडि बढ्न पछि परिन्छ कि जस्तो कहिल्यै लाग्दैन ?**

कहिलेकाहीँ यस्तो सोच मनमा आउँछ । तर म त्यसलाई आफ्नो कमजोरी बनाउन चाहन्नँ । धेरै मानिसहरूले 'भाइ, अगाडि बढ्नुपर्छ, हामी साथ दिन्छौँ' भनेर हौसला दिनुहुन्छ । उहाँहरूको साथ र सहयोगले मलाई निकै ऊर्जा मिल्छ ।

तर मैले गरेको प्रगति देखेर डाहा गर्नेहरू पनि हुन्छन् । राम्रो गर्न खोज्ने मानिसको आलोचना गर्नेहरू पनि हुन्छन् । मेरो विचारमा जसले जति बुझ्यो र जति जान्यो, त्यहीअनुसार मानिसले प्रतिक्रिया दिने हो ।

म चाहिँ यस्ता कुरालाई धेरै मनमा लिँदिनँ । कसैले नकारात्मक कुरा गर्‍यो भन्दैमा आफ्नो बाटो छाड्नु हुँदैन । आफ्नो प्रतिभा, मेहनत र निरन्तरताका आधारमा अगाडि बढ्नुपर्छ भन्ने सोच राख्छु ।

**आगामी दिनमा तपाईका सांगीतिक योजना के-कस्ता छन् ?**

आगामी दिनमा अझ धेरै राम्रो गीत रेकर्ड गर्ने, नयाँ सिर्जना गर्ने र दर्शक तथा श्रोतामाझ पुग्ने मेरो योजना छ । अहिले पनि केही नयाँ कामका लागि तयारी भइरहेको छ ।

मलाई लोक तथा मौलिक शैलीका गीतहरूमा विशेष रुचि छ । हाम्रो कर्णालीको भाषा, संस्कृति, भाका र जीवनशैलीलाई गीत-संगीतमार्फत बाहिर ल्याउन सकियो भने अझ राम्रो हुन्छ भन्ने लाग्छ ।

कर्णालीमा धेरै कथा छन्, धेरै प्रतिभा छन् । तर ती कथा र प्रतिभा अझै देशभर पुग्न सकेका छैनन् । त्यसैले आगामी दिनमा आफ्नो ठाउँ, आफ्नो संस्कृति र आफ्नो समुदायका विषयलाई पनि गीत-संगीतमार्फत प्रस्तुत गर्ने इच्छा छ ।

**अन्त्यमा दर्शक तथा श्रोतालाई के भन्न चाहनुहुन्छ ?**

मलाई अहिलेसम्म माया, साथ र हौसला दिनुहुने सम्पूर्ण दर्शक तथा श्रोताप्रति हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । म अझै सिक्ने क्रममा छु । मेरो आवाज र गीतलाई मन पराइदिनुहुन्छ भने त्यसले मलाई अझ राम्रो गर्न प्रेरणा मिल्छ ।

आगामी दिनमा पनि राम्रो गीत ल्याउने प्रयास गर्नेछु । कुनै कमी-कमजोरी भए औंल्याइदिनुहोला । दर्शक तथा श्रोताको सुझावलाईसकारात्मकरूपमालिएरआफूलाई सुधार्दै जानेछु ।

## रामेछाप डायरी

### नेपाल प्रेस युनियन रामेछापको अध्यक्षमा कुमार श्रेष्ठ निर्विरोध



नेपाल प्रेस युनियन रामेछापको अध्यक्षमा कुमार श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् । शनिबार सम्पन्न युनियनको ५औं जिल्ला अधिवेशनले श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको हो ।

अधिवेशनबाट उपाध्यक्षमा सागर बोहरा, महिला उपाध्यक्षमा सम्झना खड्गी, सचिवमा मिलन विक, सहसचिवमा टंकनाथ गौतम र कोषाध्यक्षमा राजन महतारा निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यहरूमा श्रीराजा चन्द्र महत, इश्वर विक, अनिता रसाइली, कर्ण श्रेष्ठ र सुशिला बुढाथोकी निर्विरोध निर्वाचित भएका छन् ।

अधिवेशनले जिल्लामा पत्रकारिता क्षेत्रको व्यावसायिकता, पत्रकारको हकहित तथा प्रेस स्वतन्त्रताको संरक्षणका लागि सक्रिय भएर काम गर्ने प्रतिबद्धता जनाएको छ ।

नवनिर्वाचित कार्यसमितिले रामेछापको पत्रकारिता क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र व्यावसायिक बनाउँदै पत्रकारहरूको क्षमता विकास तथा पेशागत सुरक्षाका विषयमा समेत प्राथमिकताका साथ काम गर्ने अपेक्षा गरिएको छ ।

### भोटेकोशी बाढीपीडितका लागि रामेछाप नगरपालिकाले ४० लाख रुपैयाँ सहयोग गर्ने



रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि रामेछाप नगरपालिकाले ४० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ ।

नगरपालिकाले जारी गरेको प्रेस विज्ञप्तिअनुसार भदौ १० गते भोटेकोशीमा आएको अकल्पनीय बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो जनधनको क्षति भएकोप्रति दुःख व्यक्त गर्दै सहयोगको घोषणा गरिएको हो । भोटेकोशी बाढीले ठूलो मानवीय तथा भौतिक क्षति छ। नगरपालिकाले विपद्को समयमा आवश्यक साथ, सहयोग, समन्वय र सहकार्य गर्नु सबैको दायित्व भएको भन्दै जनप्रतिनिधिहरूको सेवा सुविधाबाट १० दिन बराबरको पारिश्रमिक, नगरपालिकामा कार्यरत कर्मचारी तथा शिक्षकहरूको तर्फबाट संघीय सरकारले निर्णय गरेबमोजिमको रकम र नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट गरी कुल ४० लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जनाएको छ ।

नगर प्रमुख लवश्री न्यौपानेद्वारा जारी विज्ञप्तिमा बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ । साथै बाढीमा परी बेपत्ता भएका नागरिकको शीघ्र खोजी तथा उद्धार र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

नगरपालिकाले विपद्को कठिन परिस्थितिमा राज्यका सम्पूर्ण संयन्त्र, सामाजिक संघसंस्था तथा नागरिक समाजलाई उच्चतम समन्वयका साथ उद्धार, राहत तथा सहयोगका कार्यमा जुट्न समेत अपिल गरेको छ ।

# भरतपुर–काठमाडौं उडानमा यात्रुको उच्च चाप




चितवन- पृथ्वी राजमार्गको कृष्णभिरलगायत स्थानमा सडक भाँसिएर अवरुद्ध बनेपछि भरतपुर-काठमाडौं हवाई यात्रुको चाप बढेको छ । भरतपुरबाट काठमाडौंको लागि बुद्ध एयरको मात्रै जहाज सञ्चालन हुँदै आएका छन् । बुद्ध एयर भरतपुर कार्यालयका प्रमुख भक्तबहादुर बस्नेतका अनुसार सामान्य अवस्थामा भरतपुरबाट काठमाडौंका लागि दैनिक पाँच उडान हुँदै आएकोमा सडक असहज बनेसँगै सङ्ख्या बढाएर ११ वटासम्म पुऱ्याइएको छ । दैनिक उडान आवश्यकताअनुसार ९ देखि ११ सम्म पुऱ्याइएको उनले जानकारी दिए ।

यहाँबाट काठमाडौं आवतजावत गर्ने 'एटिआर ७२' जहाज हो । यसले काठमाडौंबाट आउँदा ६५ देखि ७० र यहाँबाट काठमाडौं जाँदा ५० जना यात्रु ओसार्ने गर्दछ । क्षमता ७२ जनाको भए पनि धावन मार्ग छोटो भएका कारण क्षमता अनुसारको यात्रु ओसार्न सक्दैन ।

कृष्णभिरमा सडक अवरुद्ध भएपछि चितवनबाट मकवानपुर हुँदै काठमाडौं जाने वैकल्पिक सडक प्रयोग गर्न सकिन्छ । वर्षायामका कारण यात्रुले हवाई यात्रालाई प्राथमिकता दिने गरेको उनले बताए ।

# भुटानी प्रधानमन्त्रीसँग नेपाली सांसदको आग्रह

काठमाडौं- रसुवामा आएको विनाशकारी बाढीबाट भएको क्षतिको क्षतिपूर्ति प्राप्त गर्न नेपालको पहलमा सहयोग गर्न नेपाली प्रतिनिधिले भुटानका प्रधानमन्त्री ल्योन्चेन दासो छेरिङ तोब्गेसँग आग्रह गरेका छन् ।

भुटानमा जारी साउथ एसियन रिजनल पार्लियामेन्टरी फोरमका क्रममा भुटानका प्रधानमन्त्रीसँग नेपाली प्रतिनिधिको भेट भएको थियो ।

उक्त भेटमा रास्वपा सांसदहरू आशिष गजुरेल र अशोक चौधरीले रसुवा बाढीबाट भएको जनधन तथा पूर्वाधारको क्षतिबारे प्रधानमन्त्री तोब्गेलाई जानकारी गराए ।

भेटका अवसरमा सांसद गजुरेलले जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून भएपनि जलवायुजन्य विपद्को गम्भीर असर नेपालले बेहोर्नुपरेको भन्दै सहानुभूतिभन्दा क्षतिपूर्ति र न्यायोचित सहयोग आवश्यक रहेको बताए ।

नेपाल सरकारले रसुवा बाढीबाट भएको क्षति तथा नोक्सानीको क्षतिपूर्ति माग गर्दै ३१ अगस्टमा लस एन्ड ड्यामेज फन्डको बोर्डसमक्ष औपचारिक पत्र पठाइसकेको छ ।

प्रधानमन्त्री तोब्गेले नेपालमा भएको घटनाप्रति दुःख व्यक्त गर्दै आवश्यक सहयोगका लागि पहल गर्ने प्रतिबद्धता जनाए । जलवायु परिवर्तनमा कम योगदान गर्ने मुलुकहरूले बढी क्षति बेहोर्नुपरेको भन्दै प्रभावित मुलुकलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- ७,
२०८३ साल भदौ २३ गते मंगलबार
8 SEPTEMBER 2026, TUESDAY

## पोखरामा बिग डिजिटलको नयाँ स्टोर, उद्घाटनकै अवसरमा ग्राहकलाई विशेष उपहार



काठमाडौं । घरायसी उपकरण तथा उपभोक्ता इलेक्ट्रोनिक्स सामग्रीको रिटेल चेन बिग डिजिटलले पोखरामा आफ्नो नयाँ स्टोर सञ्चालनमा ल्याएको छ । कम्पनीले पोखराको सभागृह चोकस्थित इलेक्ट्रो गृहमा नयाँ स्टोर विस्तार गरेको हो । बिग डिजिटलको नयाँ स्टोरको उद्घाटन शैलेश सांघाई र सोनितमान श्रेष्ठले संयुक्त रूपमा गरेका हुन् । पोखरा बजारमा आफ्नो उपस्थिति विस्तार गर्दै ग्राहकलाई घरायसी तथा विद्युतीय उपकरण सहज रूपमा उपलब्ध गराउने उद्देश्यले स्टोर सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ ।

बिग डिजिटलमा यासुदा, सामसुङ, पानासोनिक, सान्सुई, अकारीटेक, बजाज, प्रेस्टिज, हकिन्स, सिम्फोनी र बोनाएर लगायत १० भन्दा बढी ब्रान्डका उत्पादन उपलब्ध छन् ।

नयाँ स्टोरमा एलईडी टिभी, फ्रिज, वासिङ मेसिन, एयर कन्डिसनर, एयर कूलर लगायत विभिन्न घरायसी उपकरण तथा उपभोक्ता इलेक्ट्रोनिक्स सामग्री खरिद गर्न सकिनेछ ।

स्टोर उद्घाटनको अवसरमा ग्राहकलाई विशेष उपहार तथा चाँदीका सिक्का प्रदान गरिएको थियो । यस्तै, लक्की ड्रमार्फत एक भाग्यशाली ग्राहकले यासुदा ६ लिटरको एयर फ्रायर समेत जितेका छन् ।

नेपालका विभिन्न स्थानमा आफ्नो स्टोर नेटवर्क विस्तार गर्दै आएको बिग डिजिटलले पोखरामा पनि ग्राहकलाई गुणस्तरीय उत्पादन, विभिन्न ब्रान्डको विकल्प र सहज खरिद अनुभव उपलब्ध गराउने लक्ष्य राखेको जनाएको छ ।

## विपद् प्रभावितका लागि करिब ८० लाखको सहयोग



काठमाडौं । हालैको विपद्बाट प्रभावित समुदायको सहयोगका लागि म्याक्स नेपालले करिब ८० लाख रुपैयाँ बराबरको सहयोग उपलब्ध गराएको छ । म्याक्स क्लबको सहयोग तथा हिमालय अर्गनाइजेसनको समन्वयमा गरिएको सहयोगमा प्रत्यक्ष आर्थिक सहायता, दिगो स्वच्छ खानेपानीको व्यवस्था तथा आवश्यक राहत सामग्री समावेश छन् ।

म्याक्स नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ सहयोग गरेको छ । उक्त रकमको चेक केही दिनअघि अर्थमन्त्रीसमक्ष हस्तान्तरण गरिएको थियो ।

त्यस्तै, त्रिशूली नदी आसपासका विपद् प्रभावित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी करिब ३० लाख रुपैयाँ बराबरको राहत तथा खानेपानीसम्बन्धी सहयोग गरिएको छ । दुई वटा अस्थायी होल्डिङ सेन्टरमा सौर्य ऊर्जामा आधारित ‘ अल्ट्रा फिल्टर वाटर ट्रिटमेन्ट प्लान्ट’ जडान गर्नका साथै करिब ४०० जनालाई आवश्यक राहत सामग्री वितरण गरिएको छ ।

राहत वितरण तथा स्वच्छ खानेपानी प्लान्ट जडान कार्यक्रममा हिमालय अर्गनाइजेसनका अध्यक्ष ध्रुव थापा, प्रबन्ध निर्देशक मिलन थापालगायत कर्मचारी तथा लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ जे नेपालका चिफ गभर्नर रामराजा थापालगायत डिस्ट्रिक्टका पदाधिकारीहरूको प्रत्यक्ष सहभागिता रहेको थियो ।

वितरण गरिएका राहत सामग्रीमा डसना, सिरानी, तन्नालगायत सुत्नका लागि आवश्यक सामग्री, औषधि तथा आधारभूत स्वास्थ्य सामग्री, खाद्यान्न तथा तरकारी, खाना पकाउने सामग्री तथा भाँडाकुँडा, पुरुष, महिला तथा बालबालिकाका लागि कपडालगायत दैनिक जीवनका आवश्यक सामग्री रहेका छन् ।

नुवाकोटको त्रिशूलीस्थित श्री भैरम माध्यमिक विद्यालयमा सौर्य ऊर्जामा आधारित पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ । उक्त विद्यालयमा हाल करिब ३०० परिवारले अस्थायी रूपमा आश्रय लिइरहेका छन् ।

त्यसैगरी, नुवाकोटकै विदुर नगरपालिकास्थित त्रिशूली प्राथमिक विद्यालयमा अर्को पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ । त्यहाँ हाल करिब २०० परिवारले अस्थायी रूपमा आश्रय लिइरहेका छन् ।

प्रत्येक पानी शुद्धीकरण प्रणालीले प्रतिघण्टा १ हजार लिटर पानी शुद्धीकरण गर्न सक्ने क्षमता राख्छ । यसबाट अस्थायी आश्रयस्थलमा रहेका परिवारलाई सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । आश्रयस्थलबाट प्रभावित परिवारहरू अन्यत्र गएपछि विद्यालय सञ्चालन हुँदा त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूले समेत उक्त प्रणालीबाट लाभ लिन सक्नेछन् ।

म्याक्स नेपालले उक्त राहत तथा सहयोग कार्यक्रम आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत सञ्चालन गरिएको जनाएको छ ।

## एभरेस्ट बैंकद्वारा बाढीपीडितका लागि ३ करोड ११ लाखभन्दा बढी सहयोग

काठमाडौं । एभरेस्ट बैंकले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नगद तथा अत्यावश्यक राहत सामग्री सहयोग गरेको छ ।

बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत २ करोड ५१ लाख रुपैयाँ तथा कर्मचारीहरूको तर्फबाट ६० लाख ५४ हजार ६ सय ५ रुपैयाँ गरी कुल ३ करोड ११ लाख ५४ हजार ६ सय ५ रुपैयाँ नेपाल सरकारको ‘प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष’मा जम्मा गरेको जनाएको छ ।

नगद सहयोगसँगै एभरेस्ट बैंकका कर्मचारीहरूको सक्रियतामा संकलन गरिएका अत्यावश्यक राहत सामग्रीसमेत विपद् प्रभावित क्षेत्रमा पठाउन सम्बन्धित निकायलाई प्रत्यक्ष हस्तान्तरण गरिएको बैंकले जनाएको छ । बैंकले प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

# डेभकोले ७७.७७ लाखमै साढे दुईतले आधुनिक घर बनाइदिने

काठमाडौं । आफूसँग जग्गा भएका तर ठूलो बजेट नभएका तथा आफैं खटिएर घर बनाउन गाह्रो मान्ने परिवारलाई लक्ष्य गरेर डेभको इन्जिनियरिङ एन्ड बिल्डर्स प्रालि ९म्भ्खक्ष्इ भ्लनष्लभभचष्लन ७ द्यगष्मिभचक एखत ।ितम ।० ले कम बजेटमै आधुनिक तथा सुविधासम्पन्न घर निर्माण गरिदिने योजना सार्वजनिक गरेको छ ।

कम्पनीले ग्राहकसँग भएको साढे तीन आना (३.५ आना) जग्गामा साढे दुई तले (२.५ तले) आधुनिक घर सम्पूर्ण निर्माण सामग्रीसहित रू. ७७.७७ लाख बजेटमै बनाइदिने योजना अघि सारेको हो । निर्माण लागत बढिरहेको बेला गुणस्तरीय सामान प्रयोग गरेर घर बनाउने योजनामा रहेका परिवारलाई आर्थिक रूपमा सहज बनाउने उद्देश्यले उक्त योजना ल्याइएको कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार प्रस्तावित घरमा भुइँतलामा १ बीएचके, पहिलो तलामा २ बीएचके र दोस्रो तलामा २ शयनकक्ष रहनेछन् । कम्पनीले उपलब्ध जग्गाको अधिकतम सदुपयोग गर्दै परिवारको आवश्यकता, सुविधा र आधुनिक जीवनशैलीलाई ध्यानमा राखेर घरको डिजाइन तथा संरचना तयार गर्ने बताएको छ ।

### वास्तुअनुसारको डिजाइन

डेभकोको यो आवास योजनाको अर्को विशेषता वास्तु विशेषज्ञको परामर्शअनुसार घरको विभिन्न संरचना तथा कोठाहरूको उपयुक्त स्थान निर्धारण गर्नु हो । जग्गाको अवस्था, दिशागत अवस्था, परिवारको आवश्यकता तथा घरको प्रयोगलाई




ध्यानमा राख्दै बेडरुम, किचन, शौचालय, बैठक कोठा, पूजाकोठा, सिँढी तथा अन्य आवश्यक स्थानहरू कहाँ र कसरी राख्ने भन्ने विषयमा वास्तु विशेषज्ञको परामर्श लिइने कम्पनीले जनाएको छ ।

यसले घरलाई आधुनिक डिजाइन र व्यावहारिक प्रयोगसँगै वास्तु पक्षलाई समेत ध्यानमा राखेर निर्माण गर्न सहयोग पुग्छ । वास्तुसम्बन्धी सुझावलाई ग्राहकको आवश्यकताअनुसार डिजाइन प्रक्रियामा समायोजन गर्ने कम्पनीको भनाइ छ ।

### डिजाइनदेखि पूर्ण फिनिसिङसम्मको सेवा

डेभकोको योजनामा घरको डिजाइन, निर्माण तथा फिनिसिङका सम्पूर्ण काम समेटिएका छन् । ग्राहकले घर निर्माणका लागि विभिन्न सेवा प्रदायक खोज्दै हिँड्नुपर्ने झन्झट कम गर्दै एउटै कम्पनीमार्फत आवश्यक निर्माण सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार ग्राहकको जग्गाको अवस्था, पारिवारिक आवश्यकता तथा उपलब्ध बजेटलाई प्राथमिकतामा राखेर डिजाइन र निर्माण प्रक्रिया अघि बढाइनेछ । वास्तु परामर्श, संरचनात्मक आवश्यकता र आधुनिक आवासीय डिजाइनलाई समेट्दै घरको योजना तयार गरिनेछ ।

### दशैंअघि एग्रिमेन्ट गर्ने ग्राहकलाई रु. ३ लाखसम्मको मोड्युलर किचन निःशुल्क

यस योजनाअन्तर्गत दशैंअघि घर निर्माणको एग्रिमेन्ट गर्ने ग्राहकलाई रु. ३ लाख रुपैयाँसम्मको मोड्युलर किचन निःशुल्क उपलब्ध गराइने कम्पनीले जनाएको छ । आधुनिक भान्सासहित पूर्ण फिनिसिङ भएको घर निर्माण गर्ने उद्देश्यले ग्राहकलक्षित विशेष दशैं अफर ल्याइएको हो । यो अफरले घर निर्माणको लागत व्यवस्थापनमा ग्राहकलाई थप सुविधा पुग्ने कम्पनीको विश्वास छ ।

डेभको इन्जिनियरिङका अनुसार गुणस्तरीय निर्माण, व्यवस्थित डिजाइन, वास्तु परामर्श र लागतको उचित व्यवस्थापनमार्फत ग्राहकलाई दीर्घकालीन रूपमा उपयोगी, आरामदायी तथा व्यवस्थित आवास उपलब्ध गराउने कम्पनीको लक्ष्य रहेको छ ।

कम्पनीले यो योजना विशेष गरी सीमित बजेटमा आफ्नै जग्गामा आधुनिक तथा सुविधासम्पन्न घर निर्माण गर्न चाहने मध्यम वर्गीय नेपाली परिवारलाई उपयुक्त हुने जनाएको छ । घर निर्माण गर्न इच्छुक ग्राहकले आफ्नो जग्गाको विवरणसहित कम्पनीमा सम्पर्क गरी डिजाइन, वास्तु परामर्श, लागत तथा निर्माण प्रक्रियाबारे आवश्यक जानकारी लिन सक्नेछन् ।

डेभको इन्जिनियरिङ एन्ड बिल्डर्स प्रालि इन्जिनियरिङ, वास्तु तथा आवासीय घर डिजाइन, संरचनात्मक डिजाइन, निर्माण तथा फिनिसिङसम्बन्धी सेवा प्रदान गर्दै आएको कम्पनी हो । कम्पनीले ग्राहकको आवश्यकता र बजेटअनुसार आधुनिक, व्यवस्थित तथा व्यावहारिक आवास निर्माणमा सहजीकरण गर्दै आएको जनाएको छ ।

## भोटेकोसी बाढीपीडितका लागि रिद्धि सिद्धि र सौर्य सिमेन्टको १ करोड १ लाख सहयोग



काठमाडौं । भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, पुनःस्थापना तथा पुनर्निर्माणका लागि रिद्धि सिद्धि सिमेन्ट र सौर्य सिमेन्टले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा१ करोड १ लाख रुपैयाँसहयोग गरेका छन् ।

२०८३ साल भदौ १० गते भोटेकोसी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै दुवै सिमेन्ट उद्योगले विपद्को समयमा प्रभावित नागरिक र सरकारको साथमा रहने प्रतिबद्धतासहित सहयोग रकम प्रदान गरेका हुन् । कुल सहयोग रकममध्ये रिद्धि सिद्धि सिमेन्टले ५१ लाख रुपैयाँ र सौर्य सिमेन्टले ५० लाख रुपैयाँ उपलब्ध गराएका छन् ।

रिद्धि सिद्धि सिमेन्टका अध्यक्ष शोभाकार न्यौपानेले दुवै कम्पनीका तर्फबाट १ करोड १ लाख रुपैयाँको चेक अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् ।

## भोटेकोसी बाढीपीडितको राहतका लागि एसटीसी ग्रुपको ५० लाख १ हजार सहयोग

काठमाडौं । हालैको भोटेकोसी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि एसटीसी ग्रुपले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५० लाख १ हजार रुपैयाँ सहयोग गरेको छ ।

ग्रुपले उक्त सहयोग रकम आज अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको हो । प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग रकम प्रदान गरिएको ग्रुपले जनाएको छ ।

एसटीसी ग्रुपको आधिकारिक वितरकका रूपमा कार्य गर्दै आएको भारतीय कम्पनी भेरोक इन्टरनेशनलले समेत बाढीपीडितका लागि १० लाख रुपैयाँ सहयोग गरेको जनाएको छ । दुवै संस्थाको सहयोग समेटेर एसटीसी ग्रुपले एकमुष्ट ५० लाख १ हजार रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा हस्तान्तरण गरेको हो ।

## निर्जिवन बीमा व्यवासायी संघले तीन करोड ४७ लाख बाढी प्रभावितलाई सहयोग

काठमाडौ । गत भदौ १० गते भोटेकोशीमा आएको बिनासकारी बाढीको कारण हुन गएको अकल्पनीय जनधनको क्षतिप्रति यस नेपाल निर्जिवन बीमा व्यबसायी संघको मितिः २०८३/०५/१५ मा बसेको बैठकले दुःख प्रकट गर्दै दिवंगतहरुको आत्काको चीरशान्तिको कामना र श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गरेको छ । सो बिपत्तीमा परी बेपत्ता भएका व्यक्तिहरुको सकुशल उद्धार हुने आशा प्रकट गर्दै उद्धार कार्यमा अहोरात्र खटिने नेपाल सरकार, सुरक्षा निकाय, नागरिक समाज तथा मित्रराष्ट्रका उद्धारकर्ताहरु प्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरेको छ ।

उसले उक्त निर्णणमा भनेको छ । यस बिपत्तीमा परी क्षतिग्रस्त आयोजना, पूर्वाधार, संरचना तथा जनधनको विवरण प्राप्त भएपछि सोको दावी भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी भुक्तानी गरिने प्रतिवद्धता समेत बैठकले गरेको छ ।

दैवी बिपत्तीमा नागरिकहरुको राहत, पुनर्स्थापना, पुनर्निर्माणमा बीमा कम्पनीहरुले योगदान गर्नपर्ने बिषयलाई गम्भीरतापूर्वक लिई मितिः २०८३ साल भदौ १७ गते यस नेपाल निर्जीवन बीमा व्यवसायी संघ तथा यसमा आवद्ध निर्जीवन बीमा कम्पनीहरुले आ-आफ्नो तर्फबाट गरिएको योगदान रकम रु.३,४७,००,००० (तीन करोड सतचालिस लाख मात्र) यस संघका अध्यक्ष मनोहर दास मुलको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले कम्पनीहरुका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरुको उपस्थितिमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई



हस्तान्तरण गरिएको छ । योगदान गर्ने यस संघ लगायतका कम्पनीहरुमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लि., सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि., नेपाल इन्स्योरेन्स लि., नेको इन्स्योरेन्स लि., प्रभु इन्स्योरेन्स लि., युनाइटेड अजोड इन्स्योरेन्स लि., सानिमा जिआईसी इन्स्योरेन्स लि., हिमालयन एभरेष्ट इन्स्योरेन्स कं.लि. रहेका छन् ।

साथै सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि., हिमालयन एभरेष्ट इन्स्योरेन्स कं.लि. र युनाइटेड अजोड इन्स्योरेन्स लि. का कर्मचारीबाट गरिएको योगदान जम्मा रु. २६,२३,०१८- समेत हस्तान्तरण गरिएको छ ।

साथै एनएलजी इन्स्योरेन्स लि., र आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि., ले यसअघि नै सहयोग राशी हस्तान्तरण गरिसकेका छन् भने बांकी कम्पनीहरुले समेत योगदान गर्ने क्रममा रहेका छन् ।

योगदान रकम हस्तान्तरणका क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले देश संकटमा परेको बेला बीमा कम्पनीहरुले गरेको सहयोगको लागि धन्यवाद ज्ञापन गरेका थिए ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खलकुद

# युभेन्ट्स र मिलानबीच बराबरी



काठमाडौँ – फेडरिको गाटीले वेञ्चबाट आउँदै दोस्रो हाफको इन्ज्युरी समयमा गोल गरेपछि युभेन्ट्सले इटालीको सिरी ए मा आइतबार एसी मिलानलाई १-१ को बराबरीमा रोकेको छ ।

एलिनाज स्टेडियममा मिलानले ६८ औं मिनेटमा एलफाड्जो सिसेको गोलमो ६८ औं मिनेटमा अग्रता लिएको थियो ।

दुवै टिम तीन चरणको खेल सकिंदा अपराजित छन् र उनीहरूको समान सात अंक भएको छ । एएस रोमा र इन्टर मिलान नौ नौ अंकमा शीर्ष दुई स्थानमा छन् ।

कोमो भने पनि सात अंकमा तेस्रो स्थानमा रहेको छ । त्यसपछि मिलान र युभेन्ट्स रहेका छन् ।

आइतबारका अन्य खेलमा बोलोग्ना र ससुलोले पनि २-२ को बराबरी खेले । यस्तै पार्मा र मोन्जाको खेल पनि १-१ को बराबरीमा समाप्त भयो ।

# रसुवा बाढीपछि कोरला नाका चलायमान




काठमाडौं- नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ गाउँपालिका-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार र प्लान्ट (वनस्पति) क्वारेन्टाइन कार्यालयमा कर्मचारी थपिएको छ ।

मुस्ताङ भन्सार भन्सारका लागि छ जना कर्मचारी थप गरी भन्सार विभागले खटाउने अन्तिम तयारी गरेको छ, भने वनस्पति क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले तीन जना कर्मचारीलाई मुस्ताङ पठाइसकेको छ ।

जसअनुसार मुस्ताङ भन्सार कार्यालयका लागि छ जना कर्मचारी काजमा पठाउने तयारी गरिएको कार्यालयका प्रमुख विदुर चुडालले जानकारी दिए ।

'तीन/तीन जना अधिकृत र नायब सुब्बा खटाउने तयारी भइसकेको छ, लगातारको बिदाले उहाँहरू आउन ढिलाइ भएको हो,' भन्सार प्रमुख चुडालले भने, 'कार्यालय खुल्ने दिनमै खटाइएका कर्मचारी रवाना लिएर कार्यस्थलमा आइपुग्नु हुन्छ ।' उनका अनुसार मुस्ताङ भन्सार कार्यालयमा १८ जनाको दरबन्दी छ ।

हाल मुस्ताङ भन्सारमा १२ जना मात्रै कर्मचारी छन् । रसुवागढी-केरुङ नाका पूर्ण रूपमा बन्द भएसँगै भन्सार विभागले मुस्ताङ भन्सार कार्यालयमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न लागेको हो । रसुवागढी र तातोपानी नाका पूर्णरूपमा बन्द भएसँगै मुस्ताङको कोरला नाका वैकल्पिक मार्गका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ ।

रसुवागढी-केरुङ नाका बन्द भई रोकिएका सामग्रीलाई कोरला नाकातर्फ फिर्ता पठाउन लागिएपछि मुस्ताङ भन्सार र क्वारेन्टाइन कार्यालयलाई सक्रिय बनाउन थालिएको भन्सार प्रमुख चुडालले बताए । थप कर्मचारी खटाउन लागिए पनि आवास तथा भौतिक पूर्वाधारको समस्या हुँदा व्यवस्थापनमा चुनौती देखिएको उनले जानकारी दिए ।

'कोरला नाका पूर्ण रूपमा सञ्चालन नभई उपल्लो मुस्ताङका नागरिकलाई मात्रै अन्तदेशीय अल्पकालीन हाटबजार लाग्दा मात्रै बर्सेनि दुई पटक सीमित समय भन्सार कार्यालय सक्रिय हुन्थ्यो,' उनले भने, 'सोसमयमा कम कर्मचारी मात्रै भन्सारमा हुन्थे । विसं २०८२ भदौ ३१ गते मुस्ताङको कोरलालाई वैकल्पिक नाकाका रूपमा सञ्चालन गरिएसँगै भन्सारमा जनशक्ति थप गरिएको हो ।'

रसुवागढी-केरुङ नाका बाढीले बन्द भएको र तातोपानी नाका सञ्चालनमा आउन नसकेपछि मुस्ताङमा रहेको क्वारेन्टाइन कार्यालयलाई सक्रिय बनाउन थालिएको प्रमुख चुडालले जानकारी दिए । उनले रसुवागढी-केरुङ नाकाबाट कोरला नाकातर्फ पठाइएका सयौँ कन्टेनरमा रहेका फलफूलको क्वारेन्टाइन परीक्षण गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत रहेको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले केही कर्मचारीलाई मुस्ताङ पठाइसकेको जानकारी दिए ।

मुस्ताङको लोमान्थाङ-४ न्हेचुङस्थित क्वारेन्टाइन कार्यालयकी निमित्त प्रमुख बन्दना घर्तीमगरले क्वारेन्टाइनका लागि तीन जना कर्मचारी जोमसोम आइपुगेका जानकारी दिइन् । केन्द्रले भन्सार विभागको समन्वयमा वरिष्ठ बाली सरक्षण अधिकृत (एक) र कम्प्युटर अपरेटर (एक) जना कर्मचारी काजमा मुस्ताङ पठाएको निमित्त प्रमुख घर्तीमगरले बताइन् ।

भन्सार प्रमुख चुडालले क्वारेन्टाइनका लागि आउने कर्मचारीको आवश्यक समन्वय गर्नु भन्ने विभागबाट जानकारी प्राप्त भइसकेको बताए ।

# विदुर नगरपालिकाका विद्यालय दुई सातापछि खुल्दै




काठमाडौं- भदौ १० को विनाशकारी बाढीपछि बन्द रहेका नुवाकोटको विदुर नगरपालिकाका विद्यालयहरू बुधबारबाट खुल्ने भएका छन् ।

विदुर नगरपालिकाले दुई सातादेखि बन्द रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरू सञ्चालन गर्ने निर्णय गरेको छ ।

आइतबार बसेको नगर कार्यपालिका बैठकले बन्द रहेका विद्यालय खुलाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत शुभाकर पौडेलले जनाएका छन् ।

'हाललाई अस्थायी आवास केन्द्रको रूपमा उपयोग गरिएका र पूर्ण रूपमा क्षति भएका बाहेकका विद्यालयहरू नियमित रूपमा सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ,' प्रमुख प्रशासकीय अधिकृत पौडेलद्वारा जारी सूचनामा भनिएको छ ।

# रसुवा बाढी पीडितका लागि जग्गा खोज्न सरकारले बनायो समिति



काठमाडौं । भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढी पीडितका लागि पुनर्स्थापनाका लागि जग्गा खोज्न सरकारले समिति बनाएको छ । सरकारले बाढीपछि विस्थापित र जोखिममा परेका बस्तीलाई स्थानान्तरणका लागि आवश्यक जग्गा खोज्न नापी विभागका महानिर्देशक प्रकाश जोशीको नेतृत्वमा १३ सदस्यीय समिति बनाएको हो ।

समितिमा मन्त्रालयको संघीय मामिला महाशाखाका उपसचिव दीपक ढकाल, पूर्वाधार विकास मन्त्रालयका उपसचिव, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक र नापी विभागमा कार्यरत उपसचिव र सम्बन्धित जिल्लाबाट पनि प्रतिनिध सदस्य हुनेछन् ।

जिल्लाबाट हुने सदस्यहरूमा सम्बन्धित जिससमा कार्यरत ' जिल्ला समन्वय अधिकारी', सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षक, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, सशस्त्र प्रहरी नायव उपरीक्षक र सम्बन्धित जिल्लाको भूमि प्रशासन कार्यालय तथा नापी कार्यालयका प्रमुखहरू पनि समितिका सदस्य रहनेछन् ।

'सम्बन्धित जिल्लाको भूमि र नापीसँगै स्थानीय तहमा समन्वय सुरु गरिसकेका छौं,' समितिका एक सदस्यले भने । समितिले अहिले कुन वडामा कति घरमा क्षति पुगेको हो, कति घर तथा बस्ती स्थानान्तरण गर्नुपर्ने छ भन्नेबारे बुझ्ने काम गरिरहेको उनको भनाइ छ ।

यो समितिले कति परिवार स्थानान्तरण गर्नुपर्ने हो एकिन गरी स्थानान्तरण गर्ने जग्गाको खोजीसँगै उक्त जग्गाको विपद् जोखिमको जाँच पनि गर्नेछ । बस्नका लागि उपयुक्त भएका जग्गा सम्बन्धित व्यक्तिलाई प्रदान गर्न आवश्यक कानुनी सहजीकरण त्यसपछि सुरु हुनेछ । यो समितिले बस्ती स्थानान्तरणका लागि उपयुक्त ठाउँको खोजीसहितको तथ्यांक समेटिएको प्रतिवेदन मन्त्रालयमा बुझाउने छ ।

रसुवा बाढीका कारण ठूलो जनधनको क्षति भएको छ । अझै पनि खोजी र उद्धारको काम जारी छ ।

भुटानमा नेपाल विपद्को चर्चा

# नेपालले क्षतिपूर्ति पाउनुपर्नेमा जोड



काठमाडौं- भुटानमा जलवायु परिवर्तनका कारण नेपालमा आएको बाढी र यसको विनासबारे अन्तर्राष्ट्रिय बहस भएको छ । साउद एसिया रिजनल पार्लियामेन्ट्री फोरममा जलवायु, ऊर्जा र वातावरणका मुद्दामा बहस भएको छ ।

कार्यक्रममा नेपालको तर्फबाट प्रतिनिधिसभा सदस्य तथा विकास समितिका सभापति आशिष गजुरेल र प्रतिनिधिसभा सदस्य तथा कृषि तथा प्राकृतिक स्रोत समिति सभापति अशोक कुमार चौधरी सहभागी छन् । छलफलमा नेपालको तर्फबाट जलवायु परिवर्तनसँग जुध्न दक्षिण एसियाली क्षेत्रीय सहकार्य आवश्यक रहेको विषय उठाइएको छ । यो फोरमले नेपाल, भुटान, भारत, बंगलादेश, माल्दिभ्स र श्रीलंकाका सांसदहरूलाई जलवायु, ऊर्जा र दिगो विकासका महत्त्वलाई प्राथमिकता दिन जोड दिएको छ ।

कार्यक्रममा सबै देशका पूर्वाधार विकास समिति र कृषि तथा प्राकृतिक स्रोत समितिका सभापतिहरू सहभागी छन् ।

गजुरेलका अनुसार नेपालजस्ता हिमाली देशमा जलवायु अनुकूलन पूर्वाधार निर्माणमा जोड दिइएको छ । नेपालको नवीकरणीय ऊर्जा र जलविद्युत सम्भावनालाई क्षेत्रीय ऊर्जा सहकार्यसँग जोड्नु पर्ने विषय उठाइएको उनले बताए ।

अन्य देशका राम्रा अभ्यास र प्रविधिबाट नेपालले समेत सिकेर सोही अनुसार नीतिगत र संस्थागत क्षमता सुधार आवश्यक रहेको उनको भनाइ छ । छलफलमा नेपालको तर्फबाट रसुवा बाढीको सन्दर्भमा विश्व समुदायबाट सहानुभूति मात्र नभई क्षतिपूर्ति दिनुपर्ने कुरामा जोड दिइएको थियो । उनले नेपाल सरकारले क्षति तथा नोक्सानी कोषको बोर्ड समक्ष क्षति तथा नोक्सानी वापतको क्षतिपूर्ति माग गर्दै ३१ अगष्टमा औपचारिक पत्र समेत पठाएको छ ।

विपद्पछि क्षतिपूर्ति उपलब्ध गराउन विकसित मुलुकलाई आग्रह गर्ने सन्दर्भमा सबै दक्षिण एसियाली मुलुकहरुले हातेमालो गर्नुपर्ने विषय समेत नेपालले उठाएको छ ।

भुटानको भूमिका कार्वन उत्सर्जनमा नेगेटिभ छ । नेपाल र श्रीलंकाको योगदान नगन्य छ । तर, मारमा यी मुलुक परेको गुनासो सहभागी मुलुकका सांसदले गरेका छन् । गजुरेलका अनुसार छलफलमा सहभागी सांसदहरूले नेपालको विपद्प्रति सहानूभूति व्यक्त गरेका छन् ।

# वैकल्पिक मार्गबाट काठमाडौंमा पेट्रोलियम पदार्थ र एलपी ग्यास ल्याइयो : आयल निगम




काठमाडौं- पृथ्वी राजमार्गको कृष्णभिर खण्डमा सडक अवरुद्ध भएपछि नेपाल आयल निगमले वैकल्पिक बाटोबाट काठमाडौँमा पेट्रोलियम पदार्थ र एलपी ग्यास ल्याउन थालिएको जनाएको छ ।

निगमका अनुसार काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रमा त्रिभुवन राजपथ (बाइरोड) मार्फत पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति गरिएको छ ।

भदौ १४ गते त्रिशुली नदीको कटानका कारण पृथ्वी राजमार्ग भत्किँदा इन्धन बोकेका ट्यांकर तथा ग्यास बुलेटहरू रोकिएका थिए । त्यसपछि निगमले वैकल्पिक मार्ग प्रयोग गरी तराईका उद्योगहरूमा भरिएका ग्यास सिलिन्डर काठमाडौँ भित्र्याउन थालेको हो ।

निगमका अनुसार भदौ १८ गते करिब २४ हजार ५०० र भदौ १९ गते करिब ३४ हजार १३४ सिलिन्डर उपत्यका भित्र्याइएको छ ।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोर्खा र चितवन लगायतका जिल्लाहरूमा क्षति पुगेपछि जारी खोज तथा उद्धार कार्यका लागि समेत निगमले हवाई इन्धन र ग्यास उपलब्ध गराइरहेको जनाएको छ । उद्धारमा खटिएका हेलिकप्टरहरूका लागि नुवाकोटस्थित नेपाली सेनाको ब्यारेकबाट हालसम्म १ लाख २० हजार लिटर हवाई इन्धन रिफ्युलिङ गराइसकेको छ ।

साथै, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुरोधमा रसुवा र नुवाकोटका अस्थायी सेल्टरहरूमा ५७५ थान एलपी ग्यास सिलिन्डर पठाइएको निगमले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ७,
२०८३ साल भदौ २३ गते मंगलबार
8 SEPTEMBER 2026, TUESDAY

# नाढीमन ताल अवलोकन गर्न पर्यटक आकर्षित

सर्लाही- धार्मिक तथा ऐतिहासिक महत्व बोकेको सर्लाहीको नाढीमन ताल परिसरमा पुनः पर्यटकीय गतिविधि बढ्दै गएको छ ।

जैविक विविधतायुक्त यसताललाई केही समय पहिला संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देशका १०० पर्यटकीय गन्तव्यमा सूचीकृत गरेको थियो । तर आन्तरिक व्यवस्थापन र तालको पर्यटन प्रवर्द्धनमा बेवास्ता हुँदा लामो समय सुनसानप्राय बनेको तालमा फेरि एक पटक चहलपहल सुरु भएको हो ।



बाउन्न बिगाहा क्षेत्रफल रहेको भनिएको यस नाढीमन ताल चन्द्रनगर गाउँपालिका-६ र ७ मा फैलिएको छ । चारैतर्फबाट अतिक्रमणको चपेटामा परेको तालको अहिले ३५ बिगाहा क्षेत्र पानीले ओगटेको छ भने बाहिरी भागको दक्षिणपश्चिम क्षेत्रमा मिथिला कलाघर र 'चिल्ड्रेन पार्क' निर्माण भएको छ ।

तालको चारैतिर सडकसहितको ड्याम निर्माण गरी पर्यावरणीय हिसाबले विकास गर्ने उद्देश्यले वृक्षरोपणका कार्यक्रम पनि अघि सारिएको पालिकाका अध्यक्ष राजकुमार महतोले जानकारी दिए । ताल परिसरमै निर्माण भएको साबिक गाविस कार्यालय, श्री मरीचि मानेश्वर महादेव मन्दिर, धर्मशाला भवन र गाउँपालिकाको प्रशासनिक भवनले तालको केही क्षेत्र ओगटेको छ ।

विक्रम संवत् २०७२ मा राष्ट्रपति चुरे संरक्षण विकास कार्यक्रमअन्तर्गत नेपाली सेनाले ताल परिसर सरसफाइ गरी मानिस बस्ने बेन्च निर्माण गर्ने र वृक्षरोपणलगायतका काम गरेको थियो । संरक्षण अभावमा जलकुम्भीले ढाकेर कुरूप बनेको ताल परिसर आकर्षक बनेको थियो । जनमानसमा तालको चर्चा चुलिएपछि पर्यटकको आगमन सुरु भएको थियो । घुम्न आउने मानिसको उपस्थितिबाट उत्साहित स्थानीय व्यापारीहरूले ठूलो लगानी गरेर व्यापार-व्यवसाय सञ्चालन गरेका थिए तर त्यो धेरै समय टिकेन ।

ताल संरक्षणमा फेरि लापरबाही हुँदै गएसँगै अस्तव्यस्त ताल कुरूपसँगै सुनसान बन्दै गयो । तालको छेवैमा लाग्दै आएको हाटबजार सुक्यो । पर्यटकलाई लक्षित गरेर सञ्चालन गरिएका पसल तथा होटल व्यवसाय सबै पलायन भए । एक दिन यस क्षेत्रमा फेरि चहलपहल सुरु हुने आशमा बसेका व्यापारीहरू पछिल्ला दिनमा धार्मिक तथा अन्य पर्यटकको उपस्थितिबाट उत्साहित भएका छन् ।

प्रशस्त सम्भावना बोकेको यस ताल २०८१ सालमा ठेकेदारले माछा निकाल्न भनेर सुकाएपछि गौचरनमा परिणत भएको थियो । त्यसपछि बिस्तारै पुरानो अवस्थामा फर्कंदै गएको तालमा अहिले पानी भरिभराउ भएको छ । तालमा पानी आउने कुनै ठूलो स्रोत छैन । यहाँ जमिनमुनिबाट नियमित जरुवा पानी निस्कने गरेको छ । यसैबाट ताल सधैँ भरिभराउ रहने गरेको अध्यक्ष महतोले बताए ।

लामो समय अस्तव्यस्त बनेको ताल सुन्दर बन्दै गएसँगै पर्यटक आउन थालेको स्थानीय व्यापारी लक्ष्मी सिंहले जानकारी दिइन् । आन्तरिक तथा भारतको बिहार राज्यका विभिन्न जिल्लाबाट आउने पर्यटकका कारण स्थानीय व्यापारीहरू उत्साहित छन् । शनिबार ताल परिसरको पार्कमा छोरा घुमाउन आएका सर्लाहीको बरहथवा-५ निवासी बुद्धबहादुर थिङले ताल परिसर सुनेकोभन्दा सुन्दर रहेको प्रतिक्रिया दिए ।

प्रचारप्रसारको अभावमा गुमनाम तालको विषयमा धेरैलाई थाहा नभएको उनले बताए । अत्यन्त महत्वपूर्ण यस्ता प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीय सरकार सचेत हुनुपर्ने उनको धारणा थियो । निर्माणाधीन अवस्थामा रहेको ताल परिसर फोहोर हुँदा पर्यटकहरू निराश हुने उनले बताए । 'एक पटक घुम्न आएका पर्यटकले अरूलाई पनि आउन प्रोत्साहन गर्ने माहोल हुनुपर्छ', उनले भने, 'त्यसपछि कसैले केही गर्नं पर्दैन ।'

तालको मुख्य आकर्षणको केन्द्रका रूपमा ताल सयरको सुविधा भए पनि दिगो व्यवस्थापनको अभावमा नियमित मोटरबोट सञ्चालन नभएको पर्यटकहरूको गुनासो छ । सदरमुकाम मलङ्गवाबाट घुम्न आएका दिनेश महतोले आफू तालमा बोट चढ्न भनेर धेरै पटक आउँदा पनि सफल नभएको गुनासो गरे । 'कहिले बोट बिग्रिएको छ भन्नुहुन्छ', उनले भने, 'अहिले ठेकेदारले चलाउन दिएको छैन रे ।'

सुविधा नहुँदा तालमा एक पटक आउने पर्यटक फर्केर आउने वातावरण नरहेको उनले गुनासो गरे । उनले ताल परिसरमा रहेका संरचनाको प्रयोग र व्यवस्थापन निकै कमजोर रहेको बताए । पार्कमा भर्खर निर्माण भएका बालबालिकाले खेल्ने संरचनाहरू जीर्ण अवस्थामा छन् । केही धरापका रूपमा रहेकाले निकै जोखिम रहेको उनले बताए । त्यसतर्फ स्थानीय सरकारले ध्यान दिनुपर्ने उनको अनुरोध छ ।

यस गाउँपालिकाले ताल परिसरमा पार्क, प्रतीक्षालय, मठमन्दिर, शौचालयलगायत संरचना निर्माणका लागि २०८१ असार २१ गते सात करोड ८० लाख ४३ हजार १९ रुपैयाँ ७० पैसामा ठेक्का लगाएको थियो । ३६ महिनामा निर्माण सम्पन्न गर्ने गरी एस एन्ड एस/काल्सा जेभी बागमती, सर्लाहीले निर्माणको जिम्मा लिएको हो । नाढीमन ताल परिसरको मौलिक पुनर्निर्माण तथा सौन्दर्यकरणले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको स्थानीय राम स्वगारथ रायले बताए ।

पालिकाले आन्तरिक आयको उद्देश्य राखेर माछापालनका लागि पोखरी ठेक्का लगाएको छ । जसले गर्दा तालमा मोटरबोट सञ्चालन हुन नसकेको बोट व्यवस्थापक कर्मचारी धनिराम सहनीले बताए । मोटरबोट सञ्चालन गर्दा माछा मरेको भन्दै सम्झौताबमोजिम तालमा बोट चलाउन ठेकेदारले रोक लगाएको छ ।

तालमा मरेका माछा तथा अन्य फोहोरका कारण दुर्गन्धित हुँदा समस्या भएको पर्यटकहरूको गुनासो छ । स्थानीय बिनिता महतोले माछा मरेको दुर्गन्धका कारण तालको छेउमा उभिन पनि सकस भएको बताइन् । यसतर्फ पालिकाले बेलैमा ध्यान नदिए विगतमा जस्तै तालमा आउने पर्यटक घट्दै जाने जोखिम रहेको उनको आशङ्का थियो ।

**साभार अन्लाइन खबर**

**जेन्जी आन्दोलन...**

अवसरको वितरण, नेताहरूको जीवनशैली, बेरोजगारी, विदेश पलायन, सार्वजनिक सेवाको कमजोर अवस्था र राजनीतिक नेतृत्वको जवाफदेहितामाथि प्रश्न उठाए थिए ।

'सोसल मिडिया खोल' भन्ने माग क्रमशः 'राज्यको सोच बदल' भन्ने मागमा रूपान्तरण भयो । यही कारण आन्दोलनलाई सामाजिक सञ्जाल प्रतिबन्धविरुद्धको प्रदर्शनका रूपमा बुझ्नु यसको राजनीतिक अर्थलाई साँघुरो बनाईएको छ ।आन्दोलनमा राज्य पक्षबाट बल प्रयोग भयो । विभिन्न अध्ययन तथा आधिकारिक प्रक्रियामा मृतक र घाइतेको संख्या फरक-फरक रूपमा प्रस्तुत भए पनि ठूलो मानवीय क्षति भएको तथ्य निर्विवाद छ । बेलायती सरकारको २०२६ को प्रतिवेदनले आन्दोलन र त्यसपछिका घटनामा ७६ जनाको मृत्यु तथा करिब २ हजार घाइते भएको उल्लेख गरेको छ । त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए । संसद् विघटन भयो र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । आन्दोलनले नेपालको राजनीतिको नियमित प्रक्रियालाई नै असाधारण ढंगले परिवर्तन गरिदियो ।

जेन्जी आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि सरकार परिवर्तन मात्र थिएन । यसको महत्वपूर्ण प्रभाव नेपाली मतदाताको राजनीतिक सोचमा देखियो । परम्परागत रूपमा नेपाली राजनीति मुख्यतः नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत स्थापित दलको वरिपरि घुम्दै आएको थियो । आन्दोलनपछि भने 'पुराना दलको विकल्प सम्भव छैन' भन्ने विश्वास युवापुस्तामा बलियो भयो ।

त्यसको प्रत्यक्ष परिणाम २०८२ फागुन २१ अर्थात् मार्च ५, २०२६ मा भएको प्रतिनिधिसभा निर्वाचनमा देखियो । राष्ट्रिय स्वतन्त्र पार्टीले २७५ सदस्यीय प्रतिनिधिसभामा १८२ सिट जित्यो । यो संख्या आफैंमा नेपाली संसदीय इतिहासमा ठूलो परिणाम हो । नेपाली कांग्रेस ३८ सिटमा सीमित भयो भने परम्परागत कम्युनिस्ट राजनीतिको प्रतिनिधित्व गर्ने दलहरू पनि ठूलो धक्कामा परे । यो परिवर्तनलाई 'जेन्जीले एउटा दललाई जितायो' भनेर मात्र बुझ्नु पनि गलत हुन्छ । यसको गहिरो अर्थ के हो भने नेपाली मतदाताले पुरानो राजनीतिक समीकरणलाई अस्वीकार गने क्षमता देखाए । जेन्जी आन्दोलनपछि नेपालको राजनीतिमा सबैभन्दा ठूलो परिवर्तनका रूपमा बालेन्द्र शाह अर्थात् बालेन शाहको उदयलाई लिन सकिन्छ । काठमाडौं महानगरपालिकाको मेयरका रूपमा स्थापित बालेन शाहले भ्रष्टाचार, पुरानो राजनीतिक संस्कार र परम्परागत नेतृत्वप्रति असन्तुष्ट युवामाझ पहिले नै लोकप्रियता बनाइसकेका थिए । आन्दोलनपछि सिर्जना भएको राजनीतिक वातावरणले उनको नेतृत्वमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई तीव्र गतिमा विस्तार गर्ने आधार बनायो । निर्वाचनमा भारी बहुमत प्राप्त गरेपछि बालेन शाह मार्च २७, २०२६ मा प्रधानमन्त्री बने । उनी नेपालको इतिहासमा सबैभन्दा कम उमेरका प्रधानमन्त्री बनेका छन् । सडकमा भ्रष्टाचारविरुद्ध नारा लगाउन सजिलो हुन्छ । तर भ्रष्टाचार हुने कानुनी, प्रशासनिक र राजनीतिक संरचना परिवर्तन गर्न कठिन हुन्छ । युवालाई रोजगारीको आश्वासन दिन सजिलो हुन्छ । तर लाखौं रोजगारी सिर्जना गर्न अर्थतन्त्रको संरचना बदल्नुपर्छ । जेन्जी आन्दोलनका मागलाई एउटै सूचीमा राख्न कठिन छ । आन्दोलन औपचारिक नेतृत्व र एउटै संगठनात्मक संरचनाबाट चलेको थिएन । विभिन्न समूह र युवाका संगठनले फरक-फरक माग अघि सारेका थिए ।

तर मूल मागलाई केही प्रमुख विषयमा समेट्न सकिन्छ–सुशासन, भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता, आन्दोलनमा मारिएका तथा घाइतेको न्याय, राजनीतिक सुधार, सार्वजनिक सेवाको सुधार, युवाको सहभागिता र रोजगारी । माग थियो । आन्दोलनपछि अन्तरिम सरकारले जेन्जी प्रतिनिधिसँग १० बुँदे सम्झौता गऱ्यो । त्यसमा आन्दोलनका मृतकलाई शहीद घोषणा, पीडित परिवारलाई राहत तथा क्षतिपूर्ति, घाइतेलाई स्वास्थ्य सेवा, शिक्षा तथा रोजगारीका अवसर, घटनाको अनुसन्धान र सुशासन तथा भ्रष्टाचारविरोधी संरचना निर्माणलगायत विषय समेटिएका थिए ।

२०२६ जुलाईमा प्रकाशित समीक्षा रिपोर्टहरूले आन्दोलनसँग सम्बन्धित धेरै मुख्य संस्थागत सुधार अझै अपूर्ण रहेको देखाएका छन् । केही राहत, क्षतिपूर्ति र पुनर्स्थापनाका काम अघि बढे पनि जवाफदेहिता र संरचनागत सुधारका विषयमा असन्तुष्टि कायम छ ।आन्दोलनमा राज्य पक्षबाट भएको बल प्रयोग र त्यसबाट भएको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीको माग आन्दोलनको मूल विषयमध्ये एक थियो ।

यसका लागि गठन भएको छानबिन आयोगले प्रतिवेदन सरकारलाई बुझाएको थियो । सार्वजनिक रूपमा उपलब्ध विवरणअनुसार आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी नेतृत्वमाथि आपराधिक अनुसन्धान अघि बढाउन सिफारिस गरेको थियो । त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले पनि तत्कालीन राजनीतिक तथा प्रशासनिक नेतृत्वसँग सम्बन्धित विषयमा कानुनी कारबाहीको सिफारिस गरेको रिपोर्टहरू सार्वजनिक भएका थिए ।

कसैलाई राजनीतिक कारणले कारबाही गर्नु हुँदैन । तर पदमा बसेका व्यक्तिले कानुन उल्लंघन गरेका छन् भने पद, दल वा हैसियतका आधारमा उन्मुक्ति पनि दिन मिल्दैन । त्यसैले जेन्जी आन्दोलनको न्याय प्रक्रिया प्रमाण, कानुन र स्वतन्त्र अनुसन्धानका आधारमा अघि बढ्नुपर्छ । यही प्रक्रियाले नेपालको लोकतन्त्र कति परिपक्व छ भन्ने देखाउनेछ । जेन्जी आन्दोलनले नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत परम्परागत दललाई दिएको सबैभन्दा ठूलो सन्देश हो– अब केवल इतिहासका आधारमा राजनीति चल्दैन ।

२००७ साल, २०४६ साल, २०६२र६३ साल वा संविधान निर्माणमा खेलेको भूमिकाको सम्मान हुन सक्छ । नयाँ पुस्ताले वर्तमानको मूल्यांकन वर्तमानकै आधारमा गर्छ । पुराना दलका नेताले अब 'हामीले के गरेका थियौं' भन्दा 'अहिले नागरिकका लागि के गरिरहेका छौं' भन्ने प्रश्नको जवाफ दिनुपर्ने अवस्था आएको छ । युवापुस्ताको एउटा ठूलो वर्गले पुराना दललाई भ्रष्टाचार, भागबण्डा, नातावाद, अवसरको असमान वितरण र नेतृत्व पुस्तान्तरण गर्न नसकेको आरोप लगाउँदै आएको छ । पार्टीको नेतृत्व केही सीमित व्यक्तिको नियन्त्रणमा रहने, टिकट वितरणमा पहुँच र गुट हाबी हुने तथा युवालाई केवल चुनावी भीडका रूपमा प्रयोग गर्ने संस्कृति परिवर्तन गर्न आवश्यक छ ।

तेस्रो, भ्रष्टाचारको विषयमा 'अरूले गरेका भ्रष्टाचार' मात्र होइन, आफ्नै पार्टीसँग सम्बन्धित आरोपमाथि पनि निष्पक्ष छानबिन गर्न तयार हुनुपर्छ ।

चौथो, राजनीतिक दलले सामाजिक सञ्जाललाई प्रचारको माध्यमबाट मात्र होइन, नागरिकसँग प्रत्यक्ष संवादको माध्यम बनाउनुपर्छ ।

र सबैभन्दा महत्वपूर्ण कुरा–पुराना दलले जेन्जी पुस्तालाई प्रतिद्वन्द्वी होइन, लोकतन्त्रको नयाँ साझेदारका रूपमा स्वीकार गर्नुपर्छ ।

बालेन शाह नेतृत्वको सरकारसँग जनताको अपेक्षा ठूलो छ किनभने यो सरकार केवल एउटा नयाँ सरकार होइन । धेरै युवाका लागि यो 'पुरानो राजनीतिक प्रणालीको विकल्प'को परीक्षण हो ।

यदि नयाँ सरकारले भ्रष्टाचार घटाउन सकेन, सार्वजनिक सेवा सुधार्न सकेन, रोजगारी सिर्जना गर्न सकेन, राजनीतिक नियुक्ति र भागबण्डाबाट मुक्त हुन सकेन र पुरानै शैलीमा सञ्चालन भयो भने निराशा झन् ठूलो हुन सक्छ । अहिले बालेन सरकारसँग संसदमा बलियो जनादेश छ । राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट जितेकाले सरकारलाई कानुन र नीतिगत सुधार अघि बढाउन तुलनात्मक रूपमा बलियो राजनीतिक आधार प्राप्त छ । सरकारले सबैभन्दा पहिले जेन्जी आन्दोलनका मागलाई भावनात्मक भाषणबाट निकालेर समयसीमा भएको कार्ययोजनामा बदल्नुपर्छ ।

सरकारले आन्दोलनलाई केवल चुनाव जित्ने आधारका रूपमा होइन, नीति निर्माणको मार्गदर्शक दस्तावेजका रूपमा लिनुपर्छ । जेन्जी आन्दोलनको शक्ति नै यसको स्वतःस्फूर्त चरित्र थियो । तर यही चरित्र अहिले यसको कमजोरी बन्न सक्ने खतरा पनि छ । आन्दोलनको औपचारिक एउटै नेतृत्व थिएन । विभिन्न समूहका आफ्ना धारणा थिए । आन्दोलनपछि पनि जेन्जीका विभिन्न समूहबीच माग, नेतृत्व र सरकारसँगको सम्बन्धका विषयमा मतभेद देखिएका थिए ।

जेन्जी एउटा पुस्ताको राजनीतिक भावना हो । त्यसैले यसलाई एउटा पार्टी, संस्था वा व्यक्तिको सम्पत्तिमा बदल्नु हुँदैन । यदि आन्दोलनको नाममा नयाँ राजनीतिक अभिजात वर्ग जन्मियो भने जेन्जी आन्दोलनले उठाएको मूल प्रश्न नै कमजोर हुनेछ । नेपालमा धेरै आन्दोलन भएका छन् । धेरै आन्दोलनले सरकार परिवर्तन गरेका छन् । तर सरकार परिवर्तनपछि आन्दोलनले उठाएका मुद्दा बिस्तारै हराउने समस्या पुरानै रहेको देखिन्छ । यदि यस आन्दोलनले नयाँ राजनीतिक संस्कृति जन्माउन सक्यो भने यसको ऐतिहासिक महत्व रहनेछ । यदि एउटा सरकार हटाएर अर्को सरकार ल्याउने घटनामा सीमित भयो भने यसको प्रभाव केही वर्षपछि कमजोर हुन सक्छ । सडकमा सरकारविरुद्ध आवाज उठाउनु लोकतान्त्रिक अधिकार हो । तर लोकतन्त्रमा सरकार बनेपछि त्यसको निगरानी गर्नु पनि नागरिकको जिम्मेवारी हो ।

एकातर्फ नयाँ राजनीतिक शक्तिले अभूतपूर्व जनादेश पाएको छ । अर्कोतर्फ पुराना दलहरू आफ्नो अस्तित्व, नेतृत्व र राजनीतिक शैली पुनर्संरचना गर्ने दबाबमा छन् । यसले नेपालको राजनीतिमा दुई प्रकारको प्रतिस्पर्धा सिर्जना गरेको छ–पुरानो राजनीतिक अनुभव बनाम नयाँ राजनीतिक अपेक्षा । तर नेपाललाई अब पुरानो र नयाँबीचको संघर्ष मात्र चाहिएको छैन । नेपाललाई राम्रो शासन चाहिएको छ ।

नयाँ राजनीतिक नेतृत्वले पुराना दलका सबै कुरा खराब थिए भन्ने सोच राख्नु हुँदैन । त्यसैगरी पुराना दलले नयाँ पुस्ताको सबै कुरा अपरिपक्व छ भनेर अस्वीकार गर्नु हुँदैन । अनुभव र नयाँ ऊर्जा जोडिन सके नेपालको लोकतन्त्र बलियो बन्न सक्छ । जेन्जी आन्दोलनको एक वर्ष पूरा हुँदा नेपालले एउटा महत्वपूर्ण राजनीतिक यात्रा पार गरिसकेको छ ।

यदि नेपालमा भ्रष्टाचार घट्यो, सरकारी सेवा नागरिकमैत्री भयो, राजनीतिक नियुक्तिमा योग्यता लागू भयो, युवाले देशमै अवसर पाए, पीडितले न्याय पाए, राज्य शक्तिशाली व्यक्तिका लागि होइन नागरिकका लागि काम गर्ने अवस्थामा पुग्यो भने जेन्जी आन्दोलन सफल भएको मान्न सकिन्छ । तर यदि केही वर्षपछि फेरि उही भागबण्डा, उही भ्रष्टाचार, उही राजनीतिक संरक्षण, उही बेरोजगारी, उही विदेश पलायन र उही निराशा फर्कियो भने जेन्जी आन्दोलनको राजनीतिक उपलब्धि अधुरै रहनेछ । एक वर्षअघि जेन्जी पुस्ता सडकमा थियो । आज त्यस आन्दोलनको राजनीतिक परिणाम सिंहदरबारमा छ । जेन्जी आन्दोलनले नेपाली राजनीतिलाई एउटा महत्वपूर्ण पाठ दिएको छ–नागरिक मौन छन् भन्ने भ्रम सबैभन्दा खतरनाक राजनीतिक भ्रम हो । नयाँ पुस्ताले अब केवल नेता चुन्न चाहँदैन उसले नेताबाट परिणाम खोज्छ । केवल चुनाव चाहँदैन उसले जवाफदेहिता खोज्छ । केवल सरकार परिवर्तन चाहँदैन उसले शासन परिवर्तन खोज्छ । सडकबाट उठेको आवाज अब राज्यको नीति, कानुन र संस्थामा कति रूपान्तरण हुन्छ–त्यही नै जेन्जी आन्दोलनको वास्तविक माग हो । सत्ता परिवर्तन जेन्जी आन्दोलनको पहिलो अध्याय थियो । सुशासन र जवाफदेहिता स्थापना गर्नु यसको दोस्रो र सबैभन्दा कठिन अध्याय हो ।

**मानव बेचबिखनमुक्त...**

भइरहेको प्रधानमन्त्रीको भनाइ छ ।

उनले मानव बेचबिखनविरुद्धको अभियानमा संघीय सरकारका अतिरिक्त प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र अन्य सरोकारवालाको सहकार्य अपरिहार्य रहेको बताएका छन् ।

'हाम्रो साझा पहल र संयुक्त प्रयासले मात्र मानव बेचबिखनमुक्त समाज बनाउन सम्भव हुनेछ,' प्रधानमन्त्री शाहले सन्देशमा उल्लेख गरेका छन् ।

उनले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सरकारको अभियानमा निरन्तर सहयोग, समन्वय र सहकार्य गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै सरकारको प्रतिबद्धतामा साथ, सहयोग र ऐक्यबद्धताका लागि आग्रह गरेका छन् ।

**सुरुङ उद्धार...**

प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । पछिल्लो विपद्ले जलविद्युत् तथा सुरुङ संरचनाको सुरक्षा मापदण्डलाई पुनः मूल्याङ्कन गर्नंपर्ने आवश्यकता देखाएको छ ।

त्यसैगरी, बेपत्ता व्यक्तिलाई १२ वर्षसम्म कानुनी रूपमा मृत मान्न नपाइने व्यवस्था तत्काल संशोधन गर्नंपर्ने पनि थापाले बताएका छन् । बाढी, पहिरो तथा अन्य ठूला विपद्मा ठूलो संख्यामा मानिस बेपत्ता हुने अवस्था आउने भएकाले पीडित परिवारले कानुनी तथा प्रशासनिक जटिलता भोग्नुपर्ने स्थिति अन्त्य गर्न कानुन समयअनुकूल बनाउनुपर्ने उनको धारणा छ ।

थापाले प्रधानमन्त्री बालेन्द्र शाहलाई संयुक्त राष्ट्रसंघमा नेपालको जलवायु परिवर्तन र विपद्सम्बन्धी मुद्दा उठाउँदा सचिवालयले तयार पारेको विवरणमा मात्र निर्भर नहुन पनि सुझाव दिएका छन् । नेपालले भोगिरहेको जलवायुजन्य संकट, हिमाली क्षेत्रमा देखिएको जोखिम र त्यसबाट जनधनमा परेको क्षतिका तथ्य र प्रमाणलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्नंपर्ने उनको भनाइ छ ।

नेपालजस्तो कम कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनको गम्भीर असर भोगिरहेको देशले अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना वास्तविक तथ्य, पीडा र आवश्यकतालाई स्पष्ट रूपमा राख्नुपर्नेमा थापाले जोड दिएका छन् । उनले जलवायु न्याय, विपद् न्यूनीकरण तथा पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारीको विषयलाई प्रमाणका आधारमा उठाउनुपर्ने बताएका छन् ।

यसैबीच, थापाले पार्टीभित्रका आन्तरिक राजनीतिक गतिविधि र मतभेदलाई केही समयका लागि थाती राखेर सम्पूर्ण शक्ति बाढीपीडितको सेवामा लगाउन आग्रह गरेका छन् । यसपटक चाडपर्वले पनि राहत र उद्धारको कामलाई प्रभावित गर्न नहुने भन्दै उनले कांग्रेसका नेता, कार्यकर्ता तथा आम नागरिकलाई पीडितको सहयोगमा जुट्न आह्वान गरेका छन् ।

हालैको विनाशकारी बाढीले जनधनसँगै सडक, पुल, बस्ती र जलविद्युत् संरचनामा ठूलो क्षति पुऱ्याएको छ भने उद्धार टोलीको प्रमुख ध्यान प्रभावित क्षेत्र र जलविद्युत् आयोजनाका सुरुङमा फसेका तथा बेपत्ता व्यक्तिको खोजीमा केन्द्रित रहेको छ ।

थापाका पछिल्ला अभिव्यक्तिहरूले तत्कालीन उद्धार र राहत मात्र नभई दीर्घकालीन रूपमा नेपालको जलविद्युत् सुरक्षा, सुरुङ उद्धार क्षमता, बेपत्ता व्यक्तिसम्बन्धी कानुन र जलवायु परिवर्तनबाट उत्पन्न विपद्सँग जुध्ने राष्ट्रिय नीतिमाथि समेत गम्भीर पुनर्विचार गर्नंपर्ने सन्देश दिएको छ ।

**विदेशस्थित नियोगलाई ...**

छ । यी खातामार्फत नेपाली डायस्पोरा, विदेशी नागरिक, स्थानीय संघसंस्था तथा सामुदायिक समूहहरूबाट राहत सहयोग रकम संकलन गरिनेछ' परराष्ट्र मन्त्रालयको दैनिक प्रेस बुलेटिनमा छ ।

नियोगहरूले तोकिएको ढाँचामा जम्मा भएको दैनिक अभिलेख राख्नुपर्नेछ । संकलित रकम प्रत्येक महिना तोकिएको राहत खातामा स्थानान्तरण गर्नंपर्ने छ । अहिलेसम्म सरकारले दैवी प्रकोप उद्धार कोषको खातामा सिधै जम्मा गर्ने व्यवस्था मिलाएको थियो ।

मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूले सबै मित्रराष्ट्रहरूसँग निकट समन्वय गरी यात्रा सम्बन्धी सूचनाहरू बाढीबाट प्रभावित विशेष क्षेत्रहरूमा मात्र सीमित राख्ने प्रयास गरिरहेको पनि जानकारी दिएका छन् । 'देशका अन्य क्षेत्रहरू यात्रा तथा पर्यटनका लागि खुला र सुरक्षित रहेको विषयलाई पनि स्पष्ट रूपमा उजागर गरिँदैछ' मन्त्रालयले भनेको छ ।

**अस्ट्रेलियाली संसद्...**

दुवैतर्फ ठूलो विनाश निम्त्याए पनि सबैभन्दा बढी मार नेपालले खेप्नुपरेको प्रधानमन्त्री अल्बानीजले बताए ।

'धेरैले आफ्ना प्रियजन, घर, सिङ्गो गाउँ र जीवनयापनका आधारहरू गुमाएका छन् । हरेक बित्दो दिनसँगै बेपत्ता भएकाहरू भेटिने आश चमत्कारजस्तै बन्दै गएको छ,' अल्बानीजले संसद्मा भने, 'हाम्रा ३६ जना अस्ट्रेलियाली नागरिक अझै बेपत्ता छन् । सम्पूर्ण अस्ट्रेलियाली जनताको ध्यान यतिबेला उनीहरूका परिवार र साथीभाइहरूप्रति केन्द्रित छ ।' नेपालले आज राष्ट्रिय शोक दिवस मनाइरहँदा प्रधानमन्त्री अल्बानीजले सामाजिक सञ्जालमार्फत पनि प्रभावितहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । संसद्को सम्बोधनमा उनले गत शुक्रबार नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग टेलिफोन वार्ता गरी अस्ट्रेलियाको तर्फबाट गहिरो समवेदना प्रकट गरेको जानकारी दिए ।

'आज नेपालले राष्ट्रिय शोक मनाइरहँदा म हाम्रा नेपाली साथीहरूलाई भन्न चाहन्छु- यो दुःखको भारी बोक्न तपाईंहरू एक्लै हुनुहुन्न,' उनले भने ।

अस्ट्रेलिया सरकारले त्यहाँ रहेका नेपाली, तिब्बती र भारतीय समुदायसँग निरन्तर समन्वय गरिरहेको अल्बानीजले जानकारी दिएका छन् । उनले सम्पूर्ण अस्ट्रेलियालीहरूलाई आशा नहार्न र प्रार्थना गर्न आग्रहसमेत गरेका छन् ।

विपद् राहतका लागि आपत्कालीन राहत अपिलमा अस्ट्रेलियाली जनताले देखाएको उदारता र सहयोगको प्रशंसा गर्दै उनले भने, 'यसले हामी जस्तोसुकै ठूलो विपद्को पनि एकजुट भएर र साझा मानवीय भावनाका साथ सामना गर्न सक्छौं भन्ने शक्तिशाली सन्देश दिएको छ ।'

भाग ३

# दिव्य साधना



**दामोदर ढकाल ‘ दीपक’**

म मञ्चमा पुग्नासाथ गडगडाहट ताली बज्यो । कार्यक्रम सञ्चालकले अब हजुरहरूले दिव्य साधकज्यूलाई जिज्ञासा राख्न सक्नुहुनेछ ।

“हजुर आठ वर्षमा घरबाट भागे पनि मातापिता,साथी संगी र चौतारी, देउराली वनपाखा आदिको याद त आयो होला ? पछि घर फर्किनु भयो कि भएन ?“

जिज्ञासुको प्रश्नमा मैलै जवाफ दिएँ ।

“ दारी गौडेलले लगाएका १०८ वरपीपल,मैले लिची र आँप खाँदै हुर्केको काजी पौवा,काली गण्डकीको तीरमा पाइने गट्टा खेलेका काला ढुङ्गा, सबै कुराको याद आयो । न गोरस न मंस खान्छ । कसरी बलियो भएर गरी खाला भन्ने आमाको भनाई,बुबाको माया, लुरे भनेर जिस्काउने र माया गर्ने दाइ दिदी कसरी भुल्न सक्थेँ मैले । तर ममा बाध्यता थियो । जाऊँ जाऊँ लाग्दा पनि जान नसक्ने कारण !“

“ के कारण थियो , गुरुदेव ? “ सबैले सोधे ।

“ म गुरुको आश्रममा आएपछि एकदिन गुरु आफैँ मैले घर छोड्नुमा मेरा परिवार र गाउँलेहरूको के प्रतिक्रिया छ भनेर बुझ्न जानुभयो । तर काली गण्डकीको तिरमा मलाई खोज्न जाने क्रममा गाउँलेहरूले एउटा हड्डी भेट्टाएछन् । गाउँको धामीले यो बालकको हड्डी भनेर काम्न थालेछ । यसपछि त मलाई खोलाले बगाएको र मरेपछि माछाले खाएर एउटा हड्डी भेटिएको भन्ने अनुमान गरेर सबैले गोरस र मंस नखाने शुद्ध ठानेर दाहसंस्कार गरेछन् । र बुबाले चूडाकर्म भइसकेको हुनाले मेरो काजकिरिया समेत गर्नु भएछ । पछि गुरु जाँदा भन्नुभएको अहिले उक्त गाउँमा शुद्ध आत्मा भनेर चौतारो,एउटा महादेवको मन्दिर र शुद्धआत्मा समाजसेवी क्लबसमेत बनाएका छन् अरे । त्यहाँ मेरो तस्बिर छ अरे । अलौकिक बच्चा भनेर, त्यहाँ आएर स्वदेश विदेशका मान्छेले समेत पैसा चढाउने भएकोले वर्ष वर्षमा भव्य मेलासमेत लाग्छ अरे । हजुरहरूलाई पत्यार लागेन भने मेरो जन्मभूमिमा गएर हेर्न सक्नु हुन्छ ।

मैलेचाहिँ आफैँ गएर हेर्न मिलेन । किनकि मेरो जुन मृत्युसंस्कार विधि हुन्छ त्यो भइसकेको छ ।

“अहो ! भनेपछि तपाईंको मन्दिर बनेको छ ? “ अर्को जिज्ञासुको जिज्ञासा आयो ।

“गलत बुझ्नु भयो हजुरहरूले । शुद्ध आत्माको नाममा चौतारो बन्यो । त्यसको छेउमा शिव मन्दिर बन्यो र समाजसेवी क्लव बन्यो । त्यहाँ मेरो फोटो राखियो श्रद्धाञ्जली लेखेर । मेरो मुर्ति बनेको होइन । हजुरहरूको घरमा पनि पितृहरूको फोटो राख्नु हुन्छ नि श्रद्धाञ्जलि लेखेर माला लगाइदिएर, त्यस्तै गरी ।“

“हजुर जीवित हुनुहुन्छ । तर पनि त्यो कार्यको विरोध किन गर्नु भएन ? अर्को जिज्ञासा आयो ।

“राम्रो कामको किन विरोध गर्नु । ।चौतारोमा थकित बटुवा आएर बस्न पाउँछ । वरपीपलका बोटमा चराहरू बस्न पाउँछन् । श्रद्धालुले शिव मन्दिरमा भक्तिभाव प्रकट गर्न पाएका छन् । शुद्ध आत्मा समाजसेवी क्लबको पैसा सही ठाउँमा खर्च गरेर कोही डाक्टर,कोही इन्जिनियर बनेका छन् । शुद्ध आत्माको नाममा आएको पैसा गडबडी हुनुहुँदैन भन्ने धारणा छ अरे । उक्त संस्थाको छलफलमा सहभागी हुन जाँदासमेत मासु त परको कुरा २४ घन्टा अगाडिदेखि गोरस समेत खाँदैनन् अरे त्यहाँको समाजले । अनि अर्को कुरा मेरो पिताजीले मैले पाउने अंशको जग्गा समेत उक्त क्लबलाई दिनु भएको छ अरे । र उक्त जग्गामा वृद्धाश्रम,अनाथालय, किरियापुत्री भवन र गुरुकुलसमेत खुल्दैछ बरे । अनि मैले किन विरोध गर्नु । बरु म त भन्छु मेरो जन्मस्थलको भ्रमण मिलाएर हजुरहरू जानुहोस् ।

“जस्तो, हजुर त्यहाँ गएर सबै यथार्थ बताउनु भयो भने त हजुरलाई त्यहाँ छुट्टै सम्मान होला नि ? “अर्को जिज्ञासा उठ्यो ।

हामी मरेपछि लास बन्छौँ । फूलमाला र अबिरजात्रा पनि गरिन्छ । तर अन्तिममा के गरिन्छ,आगो लगायर खरानी पारिन्छ । जीवनको चक्र यही होइन त । त्यहाँ सबैलाई थाहा छ । म माछाको पेटमा पुगिसकेँ र हड्डी खरानी बनिसक्यो । जुन खरानीले आज त्यो समाज रूपान्तर भएको छ । अब म बाँचेकै छु भनेर जानु पटक-पटक मर्नु हो । त्यहाँको आस्था र विश्वासमाथि चोट पुऱ्याउनु हो । गुरुजीको आज्ञाले म यहाँ पहिलो पटक आएको छु । मेरो कर्म त साधना मात्र हो । गुरु आज्ञाको पालन मात्र हो । यसकारण म त्यहाँ जान मिल्दैन । तर उक्त स्थान र सबैमा श्रद्धाभाव सधैँ गरिरहन्छु ।

आज सातबजेबाट पुनः दिव्य साधकसँग जिज्ञासाको कार्यक्रम हुनेछ । अब हामी भजनामृतमा सरिक हुनेछौँ ।

ॐ जय काली,जय काली काली..... ।

## समया वृद्धवृद्धा सबै शम्भु रक्षा गर ।



**ढकाल शिखरनाथ बेलकोटे**

**छन्दः इन्द्रवज्रा**
**समस्या : पाका तथा बालक छन् विहाल**

धर्ती बनी कम्पन त्यो घरिमा ।
पैह्रो खसी ताल बनी गरिमा ।
आयो सुनामी र फुटेर ताल ।
पाका तथा बालक छन् बिहाल । ।१

खोलो मडारी गति बेगिएर ।
तोडी सिमाना जल उर्लिएर । ।
बस्ती बगायो जनको विशाल ।
पाका तथा बालक छन् बिहाल । ।२

पाषाण माटो तरु वस्तुभाउ ।
बस्ने त्यहीँ मानिस हाट गाउँ । ।
सारा बगायो जन वृद्ध बाल ।
पाका तथा बालक छन् बिहाल । ।३

मातापिता पुत्र सुता हराए ।
बाँच्ने सबै शोक बनी कराए । ।
बाढी भयो मानिसको अकाल ।
पाका तथा बालक छन् बिहाल । ।४

लाऊँ र खाऊँ तनका जवान ।
खोजी रहेका सपना बिहान । ।
लाँदै छ ती मानिस आज काल ।
पाका तथा बालक छन् बिहाल । ।५

संसार यौटा नदमा बिलाए ।
आशा हजारौं जनका हराए । ।
सम्झेर के भो सब छन् हवाल ।
पाका तथा बालक छन् बिहाल । ।६

# रामेछाप सांस्कृतिक कलाकार समाज उपत्यका कार्यसमितिको नयाँ नेतृत्व चयन

काठमाडौं- ‘समृद्ध रामेछापका लागि हाम्रो अभियान’ भन्ने मूल नाराका साथ रामेछाप सांस्कृतिक कलाकार समाज उपत्यका कार्यसमितिको पाँचौं साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले विनोद कार्कीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ ।

काठमाडौंमा आयोजित अधिवेशनबाट विनोद कार्की निर्विरोध रूपमा अध्यक्ष पदमा निर्वाचित भएका हुन् । यसअघिका अध्यक्ष नवीन गौतमले आफ्नो दुईवर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरेसँगै नयाँ नेतृत्व चयन गरिएको हो । नवनिर्वाचित अध्यक्ष कार्कीले संस्थाको उद्देश्यअनुरूप रामेछापको कला, संस्कृति तथा कलाकारहरूको हकहित र प्रतिभा प्रवर्द्धनका लागि सक्रिय रूपमा काम गर्ने प्रतिबधता व्यक्त गरेकाछन् ।



रामेछाप जिल्लाका कलाकारहरूलाई एकताबद्ध गर्दै उनीहरूको कला, प्रतिभा र सिर्जनालाई थप उजागर गर्ने उद्देश्यका साथ स्थापित समाजले विगतदेखि नै विभिन्न सांस्कृतिक तथा सामाजिक गतिविधि सञ्चालन गर्दै आएको छ। उपत्यकामा रहेका रामेछापेली कलाकारहरूबीच आपसी सहकार्य, एकता र भाइचाराको सम्बन्ध विस्तार गर्नुका साथै नयाँ पुस्तामा रहेका प्रतिभाहरूलाई अवसर प्रदान गर्नु पनि संस्थाको प्रमुख उद्देश्य रहेको बताइएको छ ।

अधिवेशनमा रामेछाप सांस्कृतिक कलाकार समाजका अध्यक्ष उत्तम पौडेल प्रमुख अतिथिका रूपमा सहभागी थिए । त्यसैगरी, चर्चित कलाकार तथा रामेछाप सांस्कृतिक कलाकार समाजका उपाध्यक्ष गोविन्द गौतम विशेष अतिथिका रूपमा उपस्थित थिए ।

कार्यक्रममा रामेछाप सांस्कृतिक कलाकार समाजका पूर्वअध्यक्ष रामकुमार पौडेल, जनप्रहार डटकमका सञ्चारकर्मी नेत्र कार्की, खमेश श्रेष्ठलगायत विभिन्न क्षेत्रका कलाकार, सञ्चारकर्मी तथा समाजसँग आबद्ध व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

साधारण सभा तथा अधिवेशनका क्रममा संस्थाले विगतमा गरेका गतिविधिहरूको समीक्षा गर्नुका साथै आगामी दिनमा सञ्चालन गरिने कार्यक्रम र योजनाबारे पनि छलफल गरिएको थियो । सहभागीहरूले रामेछापको मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा संस्थाले अझ प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए ।

अधिवेशनबाट उपाध्यक्षमा शिव सागर खड्का, सचिवमा रामचन्द्र खड्का, सहसचिवमा राम खड्का तथा कोषाध्यक्षमा नवीन घिमिरे चयन भएका छन् ।

त्यसैगरी, कार्यसमिति सदस्यहरूमा एमुना बस्नेत, विवेक कार्की, विनय लामा, सुरेश बस्नेत र गोविन्द कार्की चयन भएका छन् ।

नवनिर्वाचित अध्यक्ष विनोद कार्कीको नेतृत्वमा गठित नयाँ कार्यसमितिले रामेछापेली कला, संस्कृति र कलाकारहरूको संरक्षण तथा प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने विश्वास गरिएको छ । साथै, उपत्यकामा रहेका रामेछापेली कलाकारहरूको प्रतिभालाई राष्ट्रियस्तरसम्म पुऱ्याउन तथा नयाँ पुस्तालाई कला र संस्कृतिप्रति आकर्षित गर्न नयाँ कार्यसमितिले विशेष पहल गर्ने अपेक्षा गरिएको छ ।

कार्यक्रममा सहभागी वक्ताहरूले कला र संस्कृति कुनै पनि समाजको पहिचान र सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरेका थिए । रामेछाप जिल्लाको मौलिक संस्कृति र कलालाई देश तथा विदेशसम्म चिनाउन कलाकारहरूको भूमिका महत्वपूर्ण हुने उनीहरूको भनाइ थियो । अधिवेशनले नयाँ नेतृत्व चयनसँगै संस्थालाई थप व्यवस्थित, सक्रिय र प्रभावकारी बनाउँदै आगामी दिनमा रामेछापेली कला, संस्कृति र कलाकारहरूको साझा संस्थाका रूपमा अघि बढाउने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

# बक्स अफिसमा ‘मिर्जापुर’को आाधी, तीन दिनमै सय करोड नजिक



काठमाडौं- वेब सिरिज ‘ मिर्जापुर’को सफलतापछि त्यसकै कथालाई विस्तार गर्दै निर्माण भएको फिल्म ‘मिर्जापुर’ले भारतीय बक्स अफिसमा धूम मच्चाएको छ । गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मले तीन दिनमै सय करोड नजिक व्यापार गरिसकेको छ । फिल्मको तीन दिनको व्यापार भारु ९३ करोड ७५ लाख नेट रहेको भारतीय मिडियाले जनाएका छन् । २ सय ५० करोडको बजेटमा निर्माण भएको फिल्मले हिन्दी भर्सनमा २७ करोड ७५ लाखको ओपनिङ गरेको थियो । दोस्रो दिन ४ करोड २५ लाख बढोत्तरीसहित ३२ करोड कमाएको फिल्मले तेस्रो दिन ३६ करोड कमाइ गऱ्यो । सोमबारको व्यापारबाट फिल्मले एक सय करोडको आँकडा पार गर्नेछ । फिल्मको ग्रस कमाइ भने भारतमा ११२ करोड पुगिसकेको छ । फिल्मले भारतसँगै विदेशमा पनि आकर्षक कमाइ गरिरहेको छ । आइतबार ७ करोडसहित तीन दिनमा फिल्मले विदेशबाट भारु २० करोड ग्रस कमाएको ट्रेड पोर्टल स्याकनिल्कले जनाएको छ । योसँगै फिल्मको विश्वव्यापी कमाइ १३२ करोड ३५ लाख ग्रस पुगेको छ । फिल्मको ‘वर्ड अफ माउथ’ बलियो रहेकाले विश्वव्यापी कमाइ तीन सय करोड पार हुने अनुमान गरिएको छ ।

गुरमीत सिंहको निर्देशनमा बनेको फिल्ममा पंकज त्रिपाठी, अली फजल, दिव्येन्दु, श्वेता त्रिपाठी, श्रिया पिलगांवकर, रवि किशन, जितेन्द्र कुमार, कुलभूषण खरबन्दालगायतका कलाकारहरूको अभिनय छ ।




# ‘मास्टर्नी’भन्दा ‘पार्वती’को कमाइ झन्डै चार गुणा बढी

गत शुक्रबार (१२ भदौ)मा प्रदर्शनमा आएको फिल्म ‘पार्वती’ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरेको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको सिनेपाः विवरणअनुसार फिल्मले पहिलो १० दिनमा १ करोड ५८ लाख ८४ हजार १३६ रुपैयाँ ग्रस कमाइ गरेको छ । भदौ २१ गतेसम्म फिल्मका ५४ हजार ७३५ वटा टिकट बिक्री भएका छन् ।

‘पार्वती’ले प्रदर्शनको १० दिनमै डेढ करोडको आँकडा पार गर्दा अभिनेत्री प्रियंका कार्कीको मुख्य भूमिका रहेको फिल्म ‘मास्टर्नी’ले भने १७ दिनमा १२ हजार १९७ वटा टिकट बिक्रीबापत ४० लाख १५ हजार १९९ रुपैयाँ ग्रस कमाएको छ । फिल्मको यो कमाइ ‘पार्वती’को भन्दा झन्डै ४ गुणाले कम हो । ‘मास्टर्नी’ले पछिल्लो सात दिनमा ६२ हजार ३४० रुपैयाँ मात्र कमाएको देखिन्छ ।

गत साउन १ गते प्रदर्शन भएको फिल्म ‘गौँथली’को व्यापार भने २६ करोड नजिक पुगेको छ ।

बोर्डको तथ्यांकअनुसार फिल्मले २१ भदौ (आइतबार)सम्म २५ करोड ८६ लाख २८ हजार ६१५ रुपैयाँ ग्रस कमाएको छ । यस अवधिमा फिल्मका कुल ९ लाख ३० हजार ७४४ वटा टिकट बिक्री भएका छन् । ‘गौँथली’ यस वर्षको सर्वाधिक कमाइ गर्ने फिल्म बनिसकेको छ ।

बोर्डले साउन २२ मा प्रदर्शन भएको फिल्म ‘ हली’को पनि बक्स अफिस विवरण सार्वजनिक गरेको छ । आइतबारसम्म फिल्मको कुल कमाइ २३ लाख ३२ हजार ४७० रुपैयाँ ग्रस पुगेको छ भने ८ हजार ५२५ वटा टिकट बिक्री भएका छन् । अघिल्लो आइतबारसम्म २३ लाख ११ हजार २७० रुपैयाँ कमाएको फिल्मले पछिल्लो सात दिनमा २१ हजार २०० रुपैयाँ मात्र जोडेको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.नं. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- ७,
२०८३ साल भदौ २३ गते मंगलबार
8 SEPTEMBER 2026, TUESDAY

# भोटेकोशी बाढी प्रभावित व्यवसायीलाई पुनरुत्थान प्याकेज स्वागतयोग्य : नाडा

काठमाडौं- भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित उद्योग, व्यापार तथा व्यवसायको पुनरुत्थानका लागि नेपाल सरकारले बिहीबार गरेको निर्णयप्रति नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (नाडा) हार्दिक स्वागत गर्दछ ।

सरकारले बाढी प्रभावित निजी क्षेत्रलाई लक्षित गरी भन्सार तथा कर छुट, कर्जा पुनर्संरचना तथा पुनतालिकीकरण, ब्याजदरमा सहुलियत, थप कर्जाको व्यवस्था तथा बीमा दाबी भुक्तानीलाई सहज बनाउने निर्णय गरेको छ । विपद्बाट प्रभावित व्यवसायलाई तत्काल राहत दिँदै पुनः सञ्चालनको वातावरण बनाउन सरकारले लिएको यो कदम अत्यन्त सकारात्मक र स्वागतयोग्य रहेको नाडाको धारणा छ ।

विशेषगरी बाढीका कारण पूर्णरूपमा क्षतिग्रस्त वा बगाएर हराएका व्यावसायिक सवारी तथा ढुवानीका साधनको दर्ता खारेज गरी सोही प्रकृतिका साधन पुनः आयात गर्दा भन्सार महसुल छुट दिने निर्णयले अटोमोबाइल तथा ढुवानी व्यवसायीलाई ठूलो राहत पुग्ने नाडा विश्वास गर्दछ । त्यस्तै, क्षतिग्रस्त मेशिनरी तथा उपकरण पुनः आयातमा दिइएको सहुलियत पनि पुनःस्थापनाका लागि महत्वपूर्ण छ ।

बाढी प्रभावित ऋणीलाई कर्जा पुनर्संरचना, पुनतालिकीकरण तथा ब्याजमा सहुलियत दिने निर्णयले व्यवसायीमाथिको तत्कालीन वित्तीय दबाब कम गर्नेछ । साथै, क्षतिग्रस्त सवारी तथा उपकरण पुनः खरिदका लागि कर्जा उपलब्ध गराउने व्यवस्था व्यवसायको निरन्तरताका लागि महत्वपूर्ण रहेको नाडाको निष्कर्ष छ ।

नाडा अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले का अनुसार, “विपद्पछि निजी क्षेत्रलाई पुनः उठाउन सरकारले कर, भन्सार, कर्जा, ब्याज र बीमालाई एकीकृत रूपमा सम्बोधन गर्नु अत्यन्त सकारात्मक कदम हो । यसले प्रभावित व्यवसायीलाई पुनः व्यवसायमा फर्किन महत्वपूर्ण आधार प्रदान गर्नेछ ।”

नाडा सरकारको निर्णयको शीघ्र, सरल र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई आग्रह गर्दछ । साथै, वास्तविक क्षतिको अध्ययन गरी आवश्यकताअनुसार दोस्रो चरणको पुनरुत्थान प्याकेजसमेत ल्याउन नाडा सरकारसँग आग्रह गर्दछ । नाडाका अध्यक्ष सुरेन्द्र कुमार उप्रेतीद्वारा जारी गरिएको बिज्ञप्तिमा उल्लेख छ ।

# निर्माण व्यवसायीलाई मूल्यवृद्धिले आर्थिक भार




धनकुटा । निर्माण सामग्रीको मूल्यमा भएको निरन्तर वृद्धिले निर्माण व्यवसायीलाई ठूलो आर्थिक भार परेको व्यवसायीहरुले बताएका छन् ।

ठेक्का सम्झौता गर्दाको समयमा गरिएको लागत अनुमान र अहिलेको वास्तविक निर्माण लागतबीच ठूलो अन्तर देखिन थालेपछि व्यवसायी समस्यामा परेको बताएका हुन् ।

नेपाल निर्माण व्यवसायी संघ धनकुटाको १८औं साधारणसभा तथा ११औं अधिवेशनमा व्यवसायीहरुले मुल्यवृद्धिले समस्यामा परेको बताउँदै ठेक्कामा मुल्य समायोजन आवश्यक रहेको बताएका हुन् ।

निर्माण व्यवसायीहरुले पछिल्लो समय पेट्रोलियम पदार्थको मल्यवृद्धिसँगै सिमेन्ट, छड, गिट्टी, बालुवा, इन्धन, ढुवानी तथा श्रमिकको ज्यालालगायतका क्षेत्रमा भएको मूल्यवृद्धिका कारण आयोजनाको लागत उल्लेख्य रुपमा बढेको बताएका छन् । ठेक्का सम्झौता गर्दाको मूल्यमा निर्माण सामग्री खरिद गरेर काम सम्पन्न गर्न कठिन भएकाले सरकारले मूल्य समायोजनको प्रभावकारी व्यवस्था गर्नुपर्ने उनीहरुको माग छ ।

संघीय सरकारबाट सञ्चालित आयोजनाको भुक्तानीमा पछिल्लो समय तुलनात्मक रुपमा समस्या कम भए पनि प्रदेश र स्थानीय तहबाट सञ्चालित आयोजनामा अझै समस्या रहेको निर्माण व्यवसायीहरुको भनाइ छ । नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय नीतिगत उपमहासचिव मंगलबहादुर शाहीले संघीय सरकारले आवश्यक नीति बनाएर भुक्तानी तथा मूल्य समायोजनका विषयमा प्रक्रिया अघि बढाए पनि प्रदेश र स्थानीय तहले त्यसअनुसार आवश्यक नीति तथा व्यवस्था गर्न नसक्दा निर्माण व्यवसायीले समस्या भोगिरहेको बताए ।

शाहीले प्रदेश तथा स्थानीय तहले पनि निर्माण व्यवसायीका समस्या सम्बोधन हुने गरी स्पष्ट नीति निर्माण गर्नुपर्नेमा जोड दिए । निर्माण कार्य सम्पन्न गरिसकेपछि पनि लामो समयसम्म भुक्तानी नपाउँदा व्यवसायीको आर्थिक अवस्था कमजोर बन्दै गएको उनको भनाइ छ । उनले बढ्दो मूल्यवृद्धिका कारण ठेक्का सम्झौता गर्दाको लागतमा निर्माण सम्पन्न गर्न सम्भव नरहेको भन्दै मूल्य समायोजनको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गरे ।

निर्माण व्यवसायीले आयोजना निर्माणका क्रममा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर ठूलो रकम लगानी गर्ने गरेका छन् । आयोजनाको काम सम्पन्न गरेपछि समयमा भुक्तानी नपाउँदा बैंकको ब्याज, श्रमिकको पारिश्रमिक, निर्माण सामग्रीको रकम तथा अन्य प्रशासनिक खर्च धान्न कठिन हुने व्यवसायीहरुको गुनासो छ ।

भुक्तानीमा हुने ढिलाइले निर्माण व्यवसायी मात्र नभई निर्माण क्षेत्रमा संलग्न श्रमिक, निर्माण सामग्री आपूर्तिकर्ता तथा अन्य व्यवसायीसमेत प्रभावित हुने अवस्था रहेको निर्माण व्यवसायी संघ धनकुटाको अध्यक्ष प्रकाश थुलुङले बताए । कोशी प्रदेशका स्वास्थ्यमन्त्री इन्द्रमणि पराजुलीले निर्माण व्यवसायीले भोग्दै आएका समस्या समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन् । निर्माण सम्पन्न भएका तथा निर्माणाधीन आयोजनाको भुक्तानी, मूल्यवृद्धिका कारण बढेको लागतलगायतका विषयमा प्रदेश सरकारभित्र छलफल गरी समस्या समाधानका लागि पहल गर्ने उनले प्रतिबद्धता जनाएका हुन् ।

साधारण सभा तथा अधिवेशनको उद्घाटन गर्दै मन्त्री पराजुलीले निर्माण व्यवसायीका समस्या प्रदेश सरकारको जानकारीमा रहेको बताए । उनले निर्माण व्यवसायीले भोगिरहेका समस्या समाधानका लागि आफूले प्रदेश सरकारमा आवश्यक छलफल चलाउने र संघीय सरकारको समेत ध्यानाकर्षण गराउने बताए ।

मन्त्री पराजुलीका अनुसार कोशी प्रदेशमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका विभिन्न आयोजनाको करिब ५३ करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको जानकारी प्रदेश सरकारमा आएको छ । लामो समयदेखि भुक्तानी रोकिँदा निर्माण व्यवसायी आर्थिक समस्यामा परेको भन्दै उनले बाँकी रकम भुक्तानीका लागि आवश्यक पहल गर्ने बताए ।

नेपाल निर्माण व्यवसायी संघ धनकुटाको १८औं साधारण सभा तथा ११औं अधिवेशन आइतबारसम्म सञ्चालन हुने जनाइएको छ । अधिवेशनले आगामी तीन वर्षका लागि संघको नयाँ नेतृत्व चयन गर्नेछ ।

साधारण सभा तथा अधिवेशनमा निर्माण व्यवसायीका समस्या, निर्माण क्षेत्रमा देखिएका चुनौती, सरकारी आयोजनाको भुक्तानी, मूल्य समायोजन, ठेक्का प्रक्रियामा देखिएका समस्या तथा निर्माण व्यवसायीको पेशागत हितका विषयमा छलफल हुने बताइएको छ । निर्माण क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन सरकार र निर्माण व्यवसायीबीच सहकार्य आवश्यक रहेको सहभागीहरुले बताएका छन् । समयमै बजेट व्यवस्थापन, आयोजनाको नियमित अनुगमन, निर्माण सम्पन्न भएका आयोजनाको तत्काल भुक्तानी तथा मूल्यवृद्धि अनुसार लागत समायोजन गर्न सके निर्माण क्षेत्र थप व्यवस्थित हुने उनीहरुको भनाइ छ ।

# महालक्ष्मी बैंकद्धारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५१ लाख सहयोग




काठमाडौं । महालक्ष्मी विकास बैंकले मिति २०८३/०५/१० गते भोटेकोशी-त्रिशुली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरुको राहत, उद्धार तथा पुर्नस्थपना कार्यमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५१ लाख सहयोग गरेको छ ।

उक्त भीषण बाढीले रसुवा, नुवाकोट, धादिङ्ग र चितवन जिल्लाका रसुवागढी, टिमुरे, स्याफ्रुबेशी, बेत्रावती, त्रिशुली, देवीघाट लगायतका स्थानहरुमा अकल्पनिय र अत्याधिक मात्रामा जनधनको क्षेती पुगेको छ । यस विषम परिस्थितीलाई सामना गर्नको लागि बैंकको तर्फबाट र बैंकमा कार्यरत कर्मचारीहरुको तर्फबाट एक दिन बराबरको पारिश्रमिक समेत गरी कुल रु. ५१ लाख सहयोग गरिएको हो ।

यस विपत्तिको घडिमा जीवन गुमाएका भएका सम्पूर्ण दाजुभाई तथा दिदि बहिनिहरु प्रति बैंक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै साथै शोक सन्तप्त सम्पूर्ण परिवारमा गहिरो समवेदना व्यक्त गर्दछ । साथै घाइतेहरुको शिघ्र स्वास्थय लाभको समेत कामना सहित सहयोग गरेको हो । महालक्ष्मी विकास बैंकले विपतको यस कठिन घडिमा प्रभावित परिवार तथा समुदाय प्रति ऐक्यबद्धता ब्यक्त गर्दै राहत, उद्धार तथा पुनस्थपनाको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुबाट भइरहेको प्रयासमा आफ्नो सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

# लक्ष्मी सनराइज बैंकद्वारा ३ करोड २४ लाँख सहयोग



काठमाडौं । लक्ष्मी सनराइज बैंकले भोटेकोशी र त्रिशूली नदीमा आएको हालैको बाढीबाट प्रभावित परिवार तथा समुदायको राहत तथा पुनःस्थापना प्रयासमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ३.२४ करोड (तीन करोड चौबिस लाख रुपैयाँ) आर्थिक सहयोग गरेको छ ।

बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लामा ठूलो जनधनको क्षति हुनुका साथै घरपरिवार, जीविकोपार्जनका माध्यम तथा अत्यावश्यक पूर्वाधार समेत प्रभावित भएका छन् । तत्कालीन उद्धार तथा राहतका प्रयासहरू क्रमशः पुनःस्थापना र पुनर्निर्माणतर्फ अघि बढिरहेका बेला विपद् बाट प्रभावित समुदायलाई दीर्घकालीन रूपमा साथ र सहयोग आवश्यक रहेको छ । यस योगदानमार्फत लक्ष्मी सनराइज बैंकले प्रभावित परिवार तथा समुदायलाई सामान्य जीवनतर्फ फर्किन र पुनर्निर्माणका प्रयासलाई अघि बढाउन भइरहेका सामूहिक राहत तथा पुनःस्थापना अभियानमा आफ्नो तर्फबाट सहयोग पुऱ्याउने प्रयास गरेको छ ।

बैंकले यस विपद्का कारण आफन्त, घर तथा जीविकोपार्जन गुमाएका सम्पूर्णप्रति गहिरो समवेदना व्यक्त गर्दछ । साथै, विपद्को समयमा उद्धार, राहत तथा व्यवस्थापनमा निरन्तर खटिएका सरकारी निकाय, सुरक्षा निकाय, उद्धार तथा राहतकर्मी, स्वयंसेवक र स्थानीय समुदायको योगदानप्रति सम्मान व्यक्त गर्दछ ।

लक्ष्मी सनराइज बैंक विपद् तथा कठिन परिस्थितिमा समुदायसँगै उभिँदै आएको छ ।

औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं ।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ । तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार